पूर्णाङ्क ८, चौमासिक
• ०७३ साउन/पुस

# प्राज्ञिक संसार

Academia
Music-Drama Bulletin
सङ्गीत-नाट्य बुलेटिन

www.namuda.org.np

# प्रधानमन्त्री दाहालद्वारा प्राज्ञ सभा समुद्घाटन






## इलामको चुलाचुलीमा नाट्य विमर्श



## थकाली समुदायको प्रदर्शनकारी कलामाथि बहस



## पूर्वाञ्चलका लोक नृत्यहरु प्रदर्शन

## सङ्गीत, नाटक र नृत्यसम्बन्धी प्रादेशिक अनुसन्धान सुरू

## सम्पादकीय


# सङ्गीत, नाटक र नृत्यसम्बन्धी प्रादेशिक अभिलेखीकरण

नेपालीहरूको पटक पटकको आन्दोलन, संघर्ष, बलिदान र अथक प्रयासपछि मुलुकमा लोकतान्त्रिक गणतन्त्र स्थापना भएको हो । त्यसैले यतीबेला मुलुक प्रादेशिक संरचनामा परिणात भइसकेको छ । नेपालको संविधान २०७२ अनुसार अहिले हाम्रो देश नेपाल विभिन्न सात प्रदेशमा विभाजन भएको छ । हरेक प्रदेशको स्थानीय संरचना महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकाको रूपमा गठन हुने क्रम जारी छ ।

सदियौदेखि देशका यी प्रदेशअन्तर्गतका भू-भागहरूमा नेपाली जातीय संस्कृति अङ्गका रूपमा विद्यमान सङ्गीत, नाटक र नाचहरूका परम्पराहरू जीवितै रहेका छन् । यहाँ एउटा गाउँबाट खोला तरेर पारी अर्को गाउँ जाँदा नै भिन्न नाचगान, गीत, भाकाहरू भेटिन्छन् । नेपालका हरेक गाउँगाउँ यस्ता हजारौं लोकसंस्कृति, भाका, भेषभुषा, नृत्यहरू अझै जीवित रहेका छन् । यी जीवित तर लोपोन्मुख अवस्थामा पुगेका र लोपोन्मुख भएका परम्पराहरूका सम्बन्धमा अहिलेसम्म सतही रूपमा कुनै विशुद्ध अध्ययन, अनुसन्धान गरेर विस्तृत अभिलेख राख्ने काम हुन सकेको छैन ।

त्यसैले यस गुरुत्तर कार्यको महत्वलाई प्राथमिकतामा राखी यस नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानद्वारा पहिलोपटक प्रादेशिक आधारमा नेपाली सङ्गीत, नाटक र नृत्यको अनुसन्धान परियोजना सञ्चालन गर्न थालिएको छ । सङ्गीत, नाटक र नृत्यसम्बन्धी प्रादेशिक अनुसन्धान परियोजना शीर्षकको यस अनुसन्धान परियोजनाद्वारा नेपालको सङ्गीत, नाटक र नृत्यसम्बन्धी प्रामाणिक अभिलेख तयार हुने विश्वास गरिएको छ ।

यी सम्बन्धी नवीन खोज र आयामहरू अनुसन्धान हुने, भविष्यमा यी क्षेत्रका सर्वाङ्गीण विकासका लागि समुचित आधारहरू निर्माण हुने र सारांशमा नेपाली संस्कृतिको महत्वपूर्ण र गौरवपूर्ण विकास प्रक्रिया बुझ्न जोकोहीलाई पनि मद्दत पुग्ने विश्वास गरिएको छ । यस परियोजनाअन्तर्गत अनुसन्धानमा जुट्नु भएका यस प्रतिष्ठाका परिषद् पदाधिकारी, परिषद् सदस्य, प्राज्ञ सभा सदस्यका साथै सम्पूर्ण सहयोगीलाई सम्बन्धित अनुसन्धान कार्य सफलताको कामना व्यक्त गर्दछौं ।



## विषय-सूची


| | |
|---|---|
| प्रधानमन्त्री दाहालद्वारा प्राज्ञ सभा समुद्घाटन | ३ |
| इलामको चुलाचुलीमा नाट्य विमर्श | ५ |
| पूर्वाञ्चलका लोक नृत्यहरु प्रदर्शन | ७ |
| चिनियाँ प्रोफेसरको स्वागतार्थ सांस्कृतिक कार्यक्रम आयोजना | ८ |
| थकाली समुदायको प्रदर्शनकारी कलामाथि बहस | ९ |
| सङ्गीत, नाटक र नृत्यसम्बन्धी प्रादेशिक अनुसन्धान सुरु | ११ |
| धनगढीमा लोक संस्कृतिबारे अन्तरक्रिया | १२ |
| अग्रज स्रष्टाहरुबारे वृत्तचित्र निर्माण | १८ |
| ज्याज र विश्व सङ्गीत उत्सव-२०१६ इजरायलमा कुलपति | २० |
| उपकुलपति बासकोटालाई इमेज लाइफ टाइम एचिभमेन्ट अवार्ड | २५ |
| दिवँगत कलाकारहरु | २८ |




# प्रधानमन्त्री दाहालद्वारा प्राज्ञ सभा समुद्घाटन

काठमाडौं । प्रधानमन्त्री तथा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका प्रमुख संरक्षक पुष्पकमल दाहाल (प्रचण्ड) ले गत ९ असोज २०७३ मा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानको नवौं प्राज्ञ सभाको समुद्घाटन गर्नु भयो । उहाँको प्रमुख आतिथ्यतामा सम्पन्न सो सभाको अध्यक्षता प्रज्ञा प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ (सरूभक्त) ले गर्नु भएको थियो ।

प्रधानमन्त्रीले समारोहको समुद्घाटन मन्तव्य व्यक्त गर्नु हुँदै साहित्य, सङ्गीत र कलाबिना मानव जीवन निरश हुने बताउनु भयो। उहाँले यस क्षेत्रको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विकासमा योगदान पु¥याउनु हुने व्यक्तित्वहरूप्रति धन्यवाद ज्ञापन गर्नु भयो । आफूले निरन्तर यस क्षेत्रको विकासका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्ने भनाइ उहाँले सो सभामा राख्नु भयो ।

सम्बोधनकै क्रममा प्रधानमन्त्री दाहालले नेपाली कला तथा संस्कृतिलाई विश्वमाझ चिनाउन प्रमुख/प्रमुख देशका यस क्षेत्रसँग सम्बन्धित व्यक्तित्वहरूलाई प्रतिनिधिको रूपमा व्यवस्था गर्न आफूले पहल गर्ने बताउनु भयो। प्रज्ञा प्रतिष्ठानका प्रस्तावहरूलाई उहाँले अत्यन्त प्रभावकारिताका साथ लिने प्रतिबद्धता जनाउनु भयो। निजी भवन अभावका कारण



गर्नुपर्ने महत्वपूर्ण कार्यहरूलाई निरन्तरता दिन कठिन भएकोतर्फ आफ्नो ध्यानाकर्षण भएको उहाँले जानकारी गराउनु भयो ।

उद्घाटन समारोहमा प्रज्ञा प्रतिष्ठानका उपकुलपति शम्भुजीत बासकोटाले स्वागत मन्तव्य प्रस्तुत गर्नु भएको थियो । उहाँले विभिन्न राष्ट्रहरूमा नेपालको सांस्कृतिक विकासका लागि सांस्कृतिक सहचारीको व्यवस्था गर्नुपर्ने भनाइ सो क्रममा राख्नु भयो ।

उपकुलपति बासकोटाले नेपाली संस्कृतिकर्मी, कलाकर्मी तथा प्राज्ञहरूलाई राष्ट्रप्रमुखहरूको अन्तर्राष्ट्रिय भ्रमणहरूमा समावेश गरिएमा देशको सांस्कृतिक विकासमा

महत्वपूर्ण भूमिका खेल्ने बताउनु भयो। स्वागत मन्तव्यका क्रममा उहाँले अग्रज श्रष्टा, विद्वान्, प्रतिभाहरूको स्वास्थ्य उपचारका लागि नेपाल सरकारलाई आग्रह गर्नु भयो ।

प्रतिष्ठानका सदस्य सचिव गणेश रसिकले सो सभामा वार्षिक प्रगति प्रतिवेदन पेस गर्नु भएको थियो। उहाँले प्रज्ञा प्रतिष्ठानले देशका विभिन्न स्थानमा नेपालको समुन्नत संस्कृतिको संरक्षण, सम्बर्द्धन र विकासका लागि प्रज्ञा प्रतिष्ठानले राष्ट्रिय र अन्तर ािष्ट्रियस्तरमा अध्ययन, अनुसन्धान गर्दै आएको जानकारी गराउनु भयो । यस्तै, प्रतिष्ठानले महोत्सव, उत्सव, डबली यात्रा, सम्मेलन, गोष्ठी, कार्यशाला, अन्तरक्रिया, प्रशिक्षण र अनुसन्धानात्मक कार्यक्रमहरू गर्दै आइरहेको उहाँले बताउनु भयो ।



नवौं प्राज्ञ सभा समारोहका सभाध्यक्ष तथा कुलपति सरूभक्तले सभामा धन्यवाद ज्ञापन गर्नु हुँदै संस्कृतिविना जीवनको कुनै अस्तित्व नभएको बताउनु भयो । उहाँले जहाँ जीवनको अस्तित्व हुँदैन त्यहाँ देशको कुनै अवधारणाको जन्म हुन नसक्ने विचार व्यक्त गर्नु भयो ।

कुलपति सरूभक्तले यस प्रज्ञा प्रतिष्ठानले मूलभूत रूपमा देशको सङ्गीत, नृत्य र नाटक वाङ्मयको संरक्षण र सम्बर्द्धन गर्ने, प्रदर्शनमुखी एवं अनुसन्धानमुखी क्रियाकलाप सञ्चालन गर्ने उद्देश्य राखेको बताउनु भयो । साथै, यस आर्थिक वर्षमा यस प्रतिष्ठानले अन्य क्रियाकलापका साथसाथै प्रमुख रूपमा सात प्रदेशहरूमा प्रादेशिक हिसाबले नेपाली सङ्गीत, नृत्य र नाटक विषय विशेष अनुसन्धान गर्ने लक्ष्य राखेको बताउनु भयो । उहाँले प्रतिष्ठान निरन्तर रूपले आफ्नो निर्दिष्ट लक्ष्य पथमा लम्किरहेको छ भन्नु भयो ।

कुलपति सरूभक्तले यस प्रज्ञा प्रतिष्ठानले स्थापना समयदेखि नै अनेक समस्याहरू भेल्दै आइरहेको बताउँदै प्रतिष्ठानको आफ्नो भवन नभएको जानकारी गराउनु भयो । यस्तो विकट परिस्थितिमा पनि सबै प्रकारका आग्रह पूर्वाग्रहबाट मुक्त रही यस प्रज्ञा प्रतिष्ठानले केही ठोस कार्यहरूको थालनी गरेको उहाँले बताउनु भयो ।

कुलपति सरूभक्तले सङ्गीत, नाट्य, कला एवं संस्कृतिको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउने साधकहरूको स्वास्थोपचारका लागि प्रतिभा उपचार कोषको थालनी भएको पनि जानकारी गराउनु भयो । सो कोषका लागि थप आवश्यक सहयोग उपलब्ध गराइदिन हुन नेपाल सरकारलाई प्रधानमन्त्रीमार्फत उहाँले आग्रह गर्नु भयो ।

अन्त्यमा सभा विसर्जन गर्नु हुँदै उहाँले सरकार र प्राज्ञगण सबैलाई भविष्यका लागि महान सपना देख्न आग्रह गर्नु भयो, जहाँ, ' जब अतितमा बुद्धको देश, वीर गोर्खालीको देश भनी सुविख्यात नेपाल भूमि गणतान्त्रिक समयमा समुन्नत, सुन्दर सांस्कृतिक भूमि बनी सुविख्यात होस् ।'

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको नवौं प्राज्ञ सभा प्रतिष्ठानका वार्षिक कार्यक्रमहरू प्रस्तुत गरिएको थियो । प्रतिष्ठान सभाका सभासद्‌बाट ती वार्षिक कार्यक्रमहरू सर्वसम्मत रूपमा पारित गरियो ।







# इलामको चुलाचुलीमा नाट्य विमर्श

इलाम । यस नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, नाट्य विभाग र चुलाचुली रङ्गमञ्चको सहकार्यमा इलामको चुलाचुलीमा 'ग्रामीण क्षेत्रमा रङ्गमञ्चको सम्भावना र चुनौती' विषयको नाट्य विमर्श कार्यक्रम आयोजना गरियो ।

यस प्रतिष्ठानका सदस्य सचिव गणेश रसिकको प्रमुख आतिथ्यता र प्राज्ञ परिषद् सदस्य एवं नाट्य विभाग प्रमुख रमेश रञ्जना झाको अध्यक्षतामो गत १ असोज २०७३ मा सो विमर्श भएको थियो । बिमर्श कार्यक्रमका अतिथिमा यस प्रतिष्ठानका प्राज्ञ सभासद्द्वय कोमल निरौला, राम धामी, चुलाचुली रङ्गमञ्चका कलाकार, प्राविधिकसँगै स्थानीय बुद्धिजीवी, नाट्यकर्मी, नाट्यप्रेमी दर्शकहरू सहभागी हुनुहुन्थ्यो ।

सो कार्यक्रमका संयोजक एवँ नाटक निर्देशक चेतन डरले अतिथिहरूलाई स्वागत गर्दै त्यहाँ ग्रामीण नाटकको अवस्थाबारे जानकारी गराउनु भएको थियो । उहाँले सुविधायुक्त नाटक घरको अभावले नाटक मञ्चन गर्न गाह्रो



परेको बताउँदै नयाँ नाटक घर निर्माणका सहयोगको खोजीमा रहेको जानकारी गराउनु भएको थियो ।

प्रतिष्ठानका सदस्य सचिव रसिकले गाउँदेखि नै नाटकको आधार तयार हुनुपर्ने भनाइ राख्दै इलामको गाउँमा काम गरिरहेका रङ्गकर्मीहरूको अवस्था र समस्या बुझ्न प्रतिष्ठान आएको छ भन्नु भयो । उहाँले यसरी गाउँको रङ्गमञ्चबारे छलफल चलाउँदै गाउँका रङ्गमञ्चको विकास र विस्तामा पनि प्रतिष्ठान लागिपर्ने बताउनु भयो ।

सदस्य सचिव रसिकले चुलाचुली रङ्गमञ्चले गाउँमा पनि यसरी नियमित नाटक मञ्चन गर्नु र नाटक चल्नु ग्रीमण रङ्गमञ्च क्षेत्रमा प्रशंसनीय कार्य हो भन्नु भयो । उहाँले चुलाचुलीमा स्तरीय नाटक घर बन्नुपर्ने बताउँदै जग्गा उपलब्ध भएमा भवन निर्माण गर्न सघाउने भनाइ राख्नु भयो । रङ्गमञ्चको काम गर्न आफूहरू साथ भएकाले भौतिक संरचनाका लागि स्थानीय तहबाटै पहल गर्नुपर्ने सुझाव पनि सदस्य सचिव रसिकले दिनु भयो ।

कार्यक्रमका अध्यक्ष एवं यस प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य रमेश रञ्जन झाले सो विमर्शमा नेपालको कुनै पनि कला परम्परा ग्रामीण क्षेत्रबाटै विकसित भएको जानकारी गराउनु भयो । कला क्षेत्रमा गाउँबाट प्रतिभा पलायन भएर सहर आएपछि गाउँमा प्रारम्भिक प्रतिभाको मूल सुक्न थालेको बताउनु भयो ।

परिषद् सदस्य झाले भन्नु भयो, 'सहरमा व्यावसायिक रङ्गमञ्च बढेको बेला ग्रामीण क्षेत्रमा प्रतिभा उत्पादन सुक्दै जाँदा आउँदा दिनमा सहरमा कहाँबाट कला प्रतिभा आपूर्ति हुन्छ । त्यसैले गाउँका सङ्गीत नाट्यका प्रतिभावान कलाकार हरूलाई गाउँमा संरक्षण गर्न आबस्यक छ ।' गाउँमा प्रतिभा जन्मने सँभावना अझै भएकाले त्यसतर्फ ध्यान पुऱ्याउनु उहाँले सबैलाई अनुरोध गर्नु भयो । गाउँमा प्रतिभा जन्मने सम्भावना सकियो भने रङ्गमञ्च नै सकिने चिन्ता उहाँले व्यक्त गर्नु भयो ।



यस प्रतिष्ठान पनि सहरमै केन्द्रित हुने मनोविज्ञान देखिएकाले प्रादेशिक संरचनाअन्तर्गत त्यो मनोविज्ञान तोडेर ग्रामीण रङ्गमञ्चको प्रोत्साहनका लागि पनि आफूहरू कार्यक्रम लिएर इलामको चुलाचुली आएको परिषद् सदस्य झाले प्रस्ट पार्नु भयो । जसबाट चुलाचुली रङ्गमञ्च जस्ता ग्रामस्ण नाट्यकर्मको नोटिस हुँदै सकारात्मक सन्देश दर्शकमा जाने पनि उहाँले बताउनु भयो ।

सहरमा पाँच सयको टिक बेचेर एक सयजनालाई नाटक देखाउने गरिएकोमा गाउँमा १० रूपैयाँको टिक बेचेर एक हजारजनालाई नाटक देखाउने गरिएमा गाउँमा पनि रङ्गमञ्च व्यावसायिक हुने सुझाव प्राज्ञ झाले चुलाचुली रङ्गमञ्चका कलाकारलाई दिनु भयो ।

यस प्रतिष्ठानका प्राज्ञ सभा सदस्य राम धामीले गाउँगाउँमा मौलिक नाच तथा नाटक मञ्चनको क्रम अझै पनि जारी रहेको भन्दै त्यसबारे जानकारी गराउनु भयो । यस्तै, अर्का प्राज्ञ सभा सदस्य कोमल निरौलाले पनि चुलाचुली रङ्गमञ्चको कामको प्रशंसा गर्दै सो रङ्गमञ्च जस्ता देशका विभिन्न ग्रामीण रङ्गमञ्च पनि अघि आउनुपर्ने भनाइ राख्नु भयो । स्थानीय रङ्कर्मी मलाङ लावतीले त्यहाँ मञ्चन हुँदै आएको नाटकहरूको बारेमा कार्यक्रममा जानकारी गराउँदै स्तरीय नाटकघर नहुँदा भोग्नु परेको समस्याबारे अवगत गराउनु भयो । यस्तै, युवा संस्कृतिकर्मी अनिता कन्दङ्वाले ग्रामीण क्षेत्रमा भएका रङ्गमञ्चका कामबारे चासो देखाउँदै यहाँसम्म यस प्रज्ञा प्रतिष्ठान आएकोमा सो कार्यको प्रशंसा गर्नु भयो । सो विमर्श कार्यक्रमपछि चुलाचुली रङ्गमञ्चका तर्फबाट निर्देशक मलाङ लावतीको निर्देशनमा सो रङ्गमञ्चका कलाकारहरूले नाटक मञ्चन गर्नु भएको थियो ।






# पूर्वाञ्चलका लोक नृत्यहरू प्रदर्शन

झापा । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको आयोजना र मेचीनगर नगरपालिकाको विशेष सहयोगमा झापाको धुलाबारीमा 'पूर्वाञ्चल लोक नृत्यहरू' कार्यक्रमको आयोजना गरिएको छ ।

यस प्रतिष्ठानका सदस्यसचिव गणेश रसिकको प्रमुख आतिथ्यमा गत २० कात्तिक २०७३ मा धुलाबारीको पासाङ ल्हामु हलमा सो कार्यक्रम आयोजना गरिएको थियो । यस प्रतिष्ठानको नृत्य विभागका संयोजक एवं प्राज्ञ परिषद् सदस्य माधव प्रधानले सहजीकरण गर्नुभएको सो कार्यक्रममा पूर्वाञ्चल झापा, मोरङ र सुनसरीका विभिन्न समुदायको लोक नृत्य प्रस्तुत गरिएको थियो ।

कार्यक्रममा सहभागीलाई स्वागत गर्दै मेचीनगर नगरपालिकाका कार्यकारी प्रमुख पशुपति खतिवडाले सो क्षेत्रका मौलिक लोक नृत्यहरूको संरक्षणका लागि यसरी कार्यक्रम गरिनु सराहनीय कार्य भएको बताउनु भयो ।

सो कार्यक्रममा झापाबाट सतार नृत्य, धिमाल नृत्य, संगिनी नृत्य, बालन नृत्य, सुनसरीबाट च्याब्रुङ नृत्य र मोरङबाट हुर्रा नृत्य प्रस्तुत गरिएको थियो । ती नृत्यहरू हिमशिखर च्यानलबाट प्रत्यक्ष प्रसारण गरिएको थियो ।

सो कार्यक्रममा यस प्रतिष्ठानका परिषद् सदस्य माधव प्रधानले जिल्लामा रहेका नृत्य कलाकारहरूलाई टेलिभिजन च्यानलहरूमार्फत उहाँहरूको लोक कलालाई प्रसारण गर्दै लोक नृत्यको प्रदर्शन, संरक्षणका लागि सो कार्यक्रम गरेको बताउनु भयो ।

यस्तै, कार्यक्रमका प्रमुख अतिथि सदस्य सचिव रसिकले लोक नृत्यको प्रवर्द्धनका लागि जिल्ला जिल्लामा कार्यक्रम सञ्चालन गर्ने उद्देश्यले सो कार्यक्रम आयोजना गरिएको जानकारी गराउनु भयो ।





# चिनियाँ प्रोफेसरको स्वागतार्थ सांस्कृतिक कार्यक्रम आयोजना

काठमाडौं। बेइजिङ्ग डान्स एकेडेमीका भाइस प्रेसिडेन्ट डेङ्ग युलिङको नेतृत्वमा नेपाल आएका चिनियाँ एकेडेमीका प्रोफेसरहरूलाई गत ९ मंसिर २०७३ मा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानको आयोजना विभिन्न नेपाली नृत्यहरू प्रस्तुत गरियो।

यस प्रतिष्ठानको नृत्य विभागद्वारा आयोजित सो कार्यक्रमको सभापतित्व नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ (सरूभक्त) ले गर्नुभएको थियो। नेपाल प्रहरी सांस्कृतिक समूहको विशेष सहयोगमा सो सांस्कृतिक कार्यक्रम प्रस्तुत गरिएको हो। बेइजिङ्ग डान्स एकेडेमीका भाइस प्रेसिडेन्ट डेङ्ग युलिङको नेतृत्वमा त्यस एकेडमीका प्रोफेसर गावोडु, प्राध्यापकहरू याङ जिङ र च्याङयुनको स्वागतार्थ कार्यक्रम प्रस्तुत गरिएको हो।

महेन्द्र पुलिस क्लब, प्रदर्शनीमार्ग काठमाडौंमा नेपाली परम्परागत तथा लोक नृत्यहरूको प्रस्तुति गरिएको थियो। सो



कार्यक्रममा गुरूङ्ग जातिको परम्परागत घाटु नृत्य, लिम्बू जातिको च्याब्रुङ नृत्य, मञ्जुश्री नृत्य प्रस्तुत गरियो।

त्यसैगरी, कार्यक्रममा मैथिल झिझिया नृत्य, सुदूरपश्चिमको हुड्केली नृत्य र तामाङ सेलो नृत्य समेत प्रस्तुत गरियो। ती नृत्यहरूलाई बेइजिङ्ग डान्स एकेडेमीबाट पाल्नुभएका अतिथिहरूलाई रोचकताका साथ अवलोकन गर्नु भएको थियो।

कार्यक्रममा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका कुलपति सरूभक्तले स्वागत मन्तव्य दिनु हुँदै नेपाल र चीन बीच सदियौंदेखि सांस्कृतिक सम्बन्ध रहेको बताउनुभयो। त्यसैगरी, उहाँले प्रतिष्ठान यस्ता विभिन्न अन्तर्राष्ट्रिय एकेडेमीहरूसँग सांस्कृतिक आदान प्रदान एवं सहकार्य गर्न इच्छुक रहेको जानकारी गराउनु भयो। उहाँले सो कार्यक्रमको संयोजन गर्नु भएकोमा प्रतिष्ठानका उपकुलपति शम्भुजीत बासकोटालाई धन्यवाद ज्ञापन गर्नुभयो।

यस्तै, बेइजिङ्ग डान्स एकेडेमीका भाइस प्रेसिडेन्ट डेङ्ग युलिङले नेपाल र चीनबीच ऐतिहासिक कालदेखि नै सांस्कृतिक सम्बन्ध रहँदै आएको बताउनु भयो। उहाँले आउँदा दिनहरूमा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानसँग उक्त एकेडेमी विभिन्न सांस्कृतिक आदान प्रदान गर्न इच्छुक रहेको बताउनुभयो।

सो सांस्कृतिक कार्यक्रममा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका उपकुलपति बासकोटाको उपस्थिति रहेको थियो। यस्तै, कार्यक्रममा सदस्य सचिव गणेश रसिक, प्राज्ञ परिषद् सदस्हरू उन्नती बोहरा शीला, उदय श्रेष्ठ, पवित्रा घर्ती, प्राज्ञ सभा सदस्यहरू पूर्ण नेपाली र अशोक राई एवं प्रहरी अतिरिक्त महानिरीक्षक रमेशशेखर बज्राचार्य र प्रतिष्ठानका कर्मचारीहरूको समेत उपस्थिति रहेको थियो। सो कार्यक्रम सञ्चालन प्राज्ञ परिषद् सदस्य माधव प्रधानले गर्नु भएको थियो।





# थकाली समुदायको प्रदर्शनकारी कलामाथि बहस





मुस्ताङ। गत पुसमा थकाली समुदायले मुस्ताङमा भगवान उदाउने (१२ वर्षे मेला) 'ल्हफेब' आयोजना गर्दा सोही छेका यस नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान नाटक विभागबाट थकली समुदायको प्रदर्शनकारी कलामाथि बहस आयोजना गऱ्यो।

गत २६ पुषमा मुस्ताङको कोवाङ, लार्जुङमा 'थकाली समाजभित्र प्रदर्शनकारी कला' शीर्षकमा अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको हो। सो कार्यक्रमकी मुख्य अतिथिमा थकाली सेवा समितिकी अध्यक्ष कृष्णकुमारी शेरचन हुनुहुन्थ्यो।

सो विषयमा प्रवेश गर्दै यस प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य रमेशरञ्जन झाले थकाली समाजमा १२ वर्षमा देउता उठाउँदा जुन प्रकारले शृङ्गार, पूजापाठ गरिन्छ, त्यो पनि प्रदर्शनी कला भएको जानकारी गराउँदै भन्नुभयो, '३६ वर्ष अघिको देउता उठाउने जात्रामा देउताको शृङ्गार गर्दा, मन्त्र पढ्दा, पूजा गर्दा र अहिले त्यही काम गर्दा के कस्तो परिवर्तन आयो भन्ने कुरा प्रदर्शनीकलाबाट प्रस्ट हुन्छ। हामीले हाम्रा जीवनशैलीमा



अथवा दैनिकी रूपमा ग्रहण गर्ने, प्रस्तुत गर्ने र त्यसलाई प्रतिक्रिया दिने प्रक्रिया नै प्रदर्शनी कला हो ।' यस्तो कलाले हाम्रा रीतिरिवाज, भेषभुषा, धर्मकर्म, जीवनशैलीमा आएको परिवर्तनबारे थाहा हुने उहाँले बताउनुभयो ।

प्रदर्शनी कलाबारे छफछल हुँदा त्यसको अनुसन्धान हुने र त्यसमा आएका परिवर्तनबारे बुझ्न सकिने भएकाले आफुहरू मुस्ताङ आएर थकाली समुदायको प्रदर्शनी कलाबारे छलफल र अध्ययन गरेको पनि प्राज्ञ परिषद् सदस्य झा प्रकाश पार्नुभयो ।

यस प्रतिष्ठानका अर्का परिषद् सदस्य पुष्करबहादुर गुरूङले पछिल्लो समय मुस्ताङ चलचित्रको छायाँकन स्थलको रूपमा विकसित हुँदै गएको जानकारी गराउँदै फिल्मले त्यहाँको संस्कृतिलाई उठान गर्न नसकेपछि यस प्रतिष्ठानले थकाली संस्कृति संरक्षणबारे केबाङ आएर बहस सुरू गरेको बताउनुभयो ।

कार्यक्रममा बोल्दै परिषद् सदस्य गुरूङले भन्नुभयो, 'नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान यति जटिल ठाउँमा आएर यहाँहरूको संस्कृतिबारे बहस चलाउनुले पनि राज्यले प्रत्यक समुदायको कला सम्बोधन र संरक्षण गर्न गम्भीर छ भन्ने कुरा यहाँहरूलाई अवगत गराउनु चाहन्छु । थकाली संस्कृतिको बारे स्थलगत रूपमा बहसको यो सुरूवात हो र यहाँहरूको विभिन्न कला संस्कृति, चाडपर्वको प्रस्तुति तथा प्रदर्शनीलाई कसरी मौलिक रूपमा अघि बढाउँदै व्यवस्थित गर्ने भन्ने बारेमा हामी आउँदा दिनमा पनि कार्यक्रम गर्नेछौं ।'

कार्यक्रममा बसन्त भट्टचन र विमला शेरचनले थाकखोलाका चार शेरचन, गौतचन, तुलाचन र भट्टचन समुदायका भगवानहरू 'ल्ह लाङवा न्हुर्बु', 'ल्ह क्हाङलासिंकी कर्पो', 'ल्ह छुयुरिन ग्याल्मो' र 'ल्ह हावा–हाङज्युङ'को उत्पत्ति, अर्थ र यसको सांस्कृतिक एवं वैज्ञानिक पक्षबारे प्रकाश पार्नुभएको थियो । यस्तै पूर्णप्रसाद तुलाचनले थकालीको प्राचीन प्रदर्शनकारी कलाबारे जानकारी गराउनु भएको थियो ।

कार्यक्रममा डा. किशोर शेरचन, प्रा. सोमप्रसाद गौचन, बसन्त शेरचन, डा. ज्योति शेरचनलगायतले हरेक १२ वर्षमा मन्दिरबाट देउता निकालेर नुवाउने, गाउँ घुमाउने, पूजा गर्ने जस संस्कृति निरन्तर अघि बढे पनि थाहै नपाई मौलिक शैलीमा ठूलो परिवर्तन आएको बताउनु भयो । प्रतिष्ठानले आयोजना गरेको प्रदर्शनकारी कलाबारेको बहसले मौलिक संस्कृतिलाई कसरी जोगाउने भन्नेबारे आफूहरूलाई ज्ञान भएको उहाँहरूले जानकारी गराउनु भयो ।

थकाली सेवा समितीकी अध्यक्ष कृष्णकुमारी शेरचनले सो क्रममा ल्हफेवको महत्वबारे प्रकाश पार्दै यसको महत्व र चर्चालाई बढाउन सो १२ वर्षे मेलामा कविता प्रतियोगिता, न्होकोन चोली क्ह्योब त्हुर्ब (फेसन सो) तारा हान्ने खेल, खुला म्याराथुन जस्ता विविध कार्यक्रम राखिएको बताउनुभयो ।

सो बहसपछि २७ पुसमा मुस्ताङको लेतेमा थकाली मौलिक कलाको प्रदर्शनी कार्यक्रम राखिएको थियो । सो कार्यक्रममा स्थानीय कलाकारहरूद्वारा आफ्ना भेषभुषा, विभिन्न कलाहरू प्रदर्शनी गरिएको थियो ।



# सङ्गीत, नाटक र नृत्यसम्बन्धी प्रादेशिक अनुसन्धान सुरु















काठमाडौं । यस नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले सातओटै प्रदेशको सङ्गीत, नाटक र नृत्यसम्बन्धी प्रादेशिक अनुसन्धान परियोजना तयार गरी अनुसन्धान कार्यसमेत सुरु गरेको छ ।

सो परियोजनाका लागि सातओटा प्रदेशको छुट्टाछुट्टै अनुसन्धान समिति पनि गठन भइसकेको छ । सो गठनपछि अनुसन्धान सुरु भएको यस प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ (सरुभक्त) ले जानकारी गराउनु भएको छ ।

सङ्गीत, नाटक र नृत्यसम्बन्धी प्रादेशिक अनुसन्धान परियोजनाअन्तर्गत प्रदेश नम्बर १ को अनुसन्धान परियोजना संयोजकमा प्राज्ञ परिषद् सदस्य माधव प्रधान हुनुहुन्छ भने सदस्यहरूमा प्राज्ञ सभा सदस्य अशोक राई र प्राज्ञ सभा सदस्य सानु पहाडी हुनुहुन्छ । यस्तै लेखन/अनुसन्धन विशेषज्ञमा डा. कुलराज निरौला हुनुहुन्छ ।

प्रदेश नम्बर २ को अनुसन्धान परियोजना संयोजकमा प्राज्ञ परिषद् सदस्य रमेशरञ्जन झा हुनुहुन्छ भने सदस्यहरूमा प्राज्ञ सभा सदस्य आशाकाजी श्रेष्ठ र प्राज्ञ सभा सदस्य बृजकिशोर सहनी हुनुहुन्छ । लेखन/अनुसन्धान विशेषज्ञमा रोशन जनकपुरी हुनुहुन्छ ।

प्रदेश नम्बर ३ को अनुसन्धान परियोजना संयोजकमा प्राज्ञ परिषद् सदस्य पुष्करबहादुर गुरूङ हुनुहुन्छ भने सदस्यहरूमा प्राज्ञ सभा सदस्य कृष्णभक्त महर्जन र प्राज्ञ सभा सदस्य नारायणीदेवी श्रेष्ठ हुनुहुन्छ । यस प्रदेशको लेखन/अनुसन्धान विशेषज्ञमा अमृत योञ्जन हुनुहुन्छ ।

प्रदेश नम्बर ४ को अनुसन्धान परियोजना संयोजकमा उपकुलपति शम्भुजीत बासकोटा हुनुहुन्छ भने सदस्यहरूमा प्राज्ञ सभा सदस्य प्रकाश घिमिरे र प्राज्ञ सभा सदस्य कृष्णसुधा ढुंगाना हुनुहुन्छ । लेखन/अनुसन्धान विशेषज्ञमा डा. मोतिलाल पराजुली हुनुहुन्छ ।

प्रदेश नम्बर ५ को अनुसन्धान परियोजना संयोजकमा प्राज्ञ परिषद् सदस्य उन्नति बोहरा 'शीला' हुनुहुन्छ भने सदस्यहरूमा प्राज्ञ सभा सदस्य पूर्ण नेपाली र प्राज्ञ सभा सदस्य दुर्गा रायमाझी हुनुहुन्छ भने लेखन/अनुसन्धान विशेषज्ञमा डा. राजाराम सुवेदी हुनुहुन्छ ।

प्रदेश नम्बर ६ को अनुसन्धान परियोजना संयोजकमा प्राज्ञ परिषद् सदस्य पवित्रा घर्तीमगर हुनुहुन्छ भने सदस्यहरूमा प्राज्ञ सभा सदस्य खेम नेपाली र प्राज्ञ सभा सदस्य राम धामी र लेखन/अनुसन्धान विशेषज्ञमा डम्बरबहादुर पुन हुनुहुन्छ ।

यसैगरी, प्रदेश नम्बर ७ को अनुसन्धान परियोजना संयोजकमा प्राज्ञ परिषद् सदस्य उदय श्रेष्ठ हुनुहुन्छ भने सदस्यहरूमा प्राज्ञ सभा सदस्य नरेन्द्रराज रेग्मी र प्राज्ञ सभा सदस्य भोजराज भट्ट हुनुहुन्छ । लेखन/अनुसन्धान विशेषज्ञमा पुष्करराज भट्ट हुनुहुन्छ ।

नेपालको नयाँ संविधान २०७२ अनुसार मुलुकको सातओटै प्रदेशको सङ्गीत, नाटक र नृत्यसम्बन्धी अनुसन्धान गरेर अभिलेख तयार गरी यस प्रतिष्ठानले प्रकाशनमा ल्याउने भएको छ । जसका लागि सबै प्रदेशमा सम्बन्धित अनुसन्धान समितिबाट अनुसन्धानका कार्यहरू भइरहेको छ ।



# धनगढीमा लोक संस्कृतिबारे अन्तरक्रिया

धनगढी । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले धनगढीमा स्थानीय लोक संस्कृतिबारे अन्तरक्रिया आयोजना गरेको छ । प्रतिष्ठानको सङ्गीत, नाटक र नृत्यसम्बन्धी प्रादेशिक अनुसन्धान परियोजना, प्रदेश नम्बर ७ का संयोजक एवं प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य उदय श्रेष्ठले स्थानीय सांस्कृतिक अनुसन्धानका लागि अन्तरक्रिया कार्यक्रम आयोजना गर्नुभएको हो ।

सो परियोजनाअन्तर्गत अनुसन्धानका लागि काठमाडौंबाट गएको टोलीलाई धनगढीमा कार्यक्रम हुनुअघि २६ पुसमा कैलालीको अत्तरियामा स्वागत गरिएको थियो । स्थानीय संस्कृतिकर्मी लीला बासकोटाले प्राज्ञ उदय श्रेष्ठसहित समिति सदस्यलाई स्वागत गर्दै परियोजनालाई सघाउन प्रतिबद्धता जनाउनुभयो ।

अत्तरियाको स्वागत र भेटघाट एवं छलफलपछि २६ पुसमै धनगढीमा अन्तरक्रिया कार्यक्रम राखिएको थियो । परियोजनाका अनुसन्धानदाता पुष्करराज भट्टले अन्तरक्रियाका क्रममा परियोजनाबारे जानकारी गराउनुभएको थियो । छलफल कार्यक्रममा स्थानीय २१ जना संस्कृतिकर्मी एवं कलाकार सहभागी थिए ।



स्थानीय सङ्गीत, नाट्य, नृत्यबारे स्थानीय संस्कृतिकर्मी भुवन रिजाल, मिनादेवी सोव, पदम स्मृति, केदारप्रसाद आचार्यलगायतले बताउनु भएको थियो । परियोजनाअन्तर्गत प्रदेश नम्बर ७ का संयोजक एवं परिषद् सदस्य उदय श्रेष्ठले सातओटै देशको मौलिक लोक संस्कृतिबारे अभिलेख राख्दै त्यसको संरक्षणको कार्य गर्न अन्तरक्रिया आयोजना गरिएको बताउनुभयो ।

# महेन्द्रनगर र बैतडीमा स्थानीय संस्कृतिबारे छलफल



महेन्द्रनगर। यस प्रतिष्ठानको सङ्गीत, नाटक र नृत्यसम्बन्धी प्रादेशिक अनुसन्धान परियोजना, प्रदेश नम्बर ७ का संयोजक एवं यस प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य उदय श्रेष्ठले स्थानीय सांस्कृतिक अनुसन्धानका लागि कञ्चनपुरको महेन्द्रनगरमा बृहत् छलफल कार्यक्रम आयोजना गर्नुभयो ।

२७ पुसमा आयोजित सो कार्यक्रम महेन्द्रनगरस्थित कञ्चनपुर उद्योग वाणिज्य संघको सभा हलमा गरिएको थियो। नेपाल प्रज्ञा प्रतिष्ठानका प्राज्ञ वासुदेव भइसाहेबले सुदूरपश्चिमको लोक साहित्यबारे कार्यक्रममा जानकारी गराउनुभयो ।

संस्कृतिकर्मी वीरबहादुर बुढाथोकीले संयोजन गर्नुभएको सो कार्यक्रममा अनुसन्धान परियोजना, प्रदेश नम्बर ७ का संयोजक एवं प्राज्ञ परिषद् सदस्य श्रेष्ठले प्रदेश



नम्बर ७ को सङ्गीत, नाट्य र नृत्यको अनुसन्धान र अभिलेखीकरणका लागि छलफल कार्यक्रम आयोजना गरिएका जानकारी गराउनुभयो ।

छलफलका क्रममा पर्शुराम रानाथारूले त्यहाँका रानाथारूहरूको संस्कृतिबारे जानकारी गराउनुभयो। यस्तै, महाकाली साहित्य संगमका उपाध्यक्ष राजेन्द्रसिंह रावलले सुदूरपश्चिमका विविध कलाबारे चर्चा गर्नुभयो ।



स्थानीय सञ्चारमी एवं कलाकार नवीनसिंह धामीले त्यहाँको देउडाबारे बताउनुभयो। कार्यक्रममा देउडा, हुड्केलगायत विभिन्न लोकभाकाबारे छलफलका क्रममा चर्चा भएको थियो ।

स्थानीय ३२ जना संस्कृतिकर्मी सहभागी सो कार्यक्रममा कलाकार चिनाराम नेपालीले हुड्के बाजा बजाउँदै गाथा गाउनुभएको थियो। यस्तै, लोकगायिका सरस्वती रावलले मर्मस्पर्शी ठाडी भाका गाउनु भएको थियो ।

सोही क्रममा २८ पुसमा अनुसन्धान परियोजना, प्रदेश नम्बर ७ का संयोजक श्रेष्ठले जिविस कार्यालय डडेल्धुरामा छलफल कार्यक्रम आयोजना गर्नुभयो । कार्यालयका सूचना अधिकारीले संयोजक श्रेष्ठलाई डडेल्धुराका लोक संस्कृतिबारे जानकारी गराउनु भएको थियो ।



## इजरायली राजदूतद्वारा

# सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान अवलोकन

काठमाडौं । सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका उपकुलपति शम्भुजीत बासकोटाको औपचारिक निमन्त्रणामा नेपालका लागि इजरायली राजदूत आरोन मायेरले यस प्रतिष्ठानको भ्रमण तथा आपसी भेटघाट गर्नुभएको छ ।

गत २१ जुलाई २०१६ मा राजदूत मायेर इजरायली दूवावासका प्रथम सचिव तथा कल्चरल एट्याचीसँग यस प्रतिष्ठानको भ्रमण र आपसी भेटघाटमा आउनु भएको थियो । उहाँहरूलाई प्रतिष्ठानका तर्फबाट कुलपति भक्त श्रेष्ठ (सरूभक्त), उपकुलपति बासकोटासहित प्रतिष्ठान पदाधिकारीले स्वागत गर्नुभएको थियो । भेटघाटमा प्रतिष्ठानका कुलपति



भक्त श्रेष्ठ (सरूभक्त), उपकुलपति बासकोटा, सदस्यसचिव गणेश रसिक तथा प्राज्ञ परिषद् सदस्यहरू र राजदूत तथा सो दूतावासका प्रथम सचिवबीच आपसी परिचय भयो ।

इजरायली राजदूतले नेपाल र इजरायलबीच के कस्तो सांस्कृतिक सहकार्य गर्न सकिन्छ भन्ने जिज्ञासा राख्नुभएको थियो । कुलपति सरूभक्तले आपसी 'एमओयु' हस्ताक्षर गरेर सङ्गीत नाट्य क्षेत्रमा अगाडि बढ्दै सहकार्य गर्न सकिने जानकारी गराउनु भयो ।

उपकुलपति बासकोटाले आफू चलचीत्र विकास बोर्डमा कार्यकारी अध्यक्ष हुँदा इजरायलसँग दौत्य सम्बन्ध थप मजबुत बनाउन दुई देशबीच चलचित्र महोत्सव आयोजना गरेको जानकारी गराउँदै सङ्गीत नाट्य क्षेत्रमा पनि सहकार्यका लागि प्रस्ताव राख्नुभयो ।

सो भेटमा राजदूत मायेरले सहकार्य गर्न आफू तयार रहेको जानकारी गराउनु भयो । त्यस्तै, कुलपति सरूभक्तलाई उहाँले इजरायलमा आयोजना हुने अन्तराष्ट्रिय सङ्गीत महोत्सबमा अतिथिका रूपमा सहभागी हुनका लागी निमन्त्रण दिनु भयो ।

## उपकुलपति बासकोटा र भारतीय राजदूत रायबीच भेटघाट

काठमाडौं । यस सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका उपकुलपति र नेपालका लागि भारतीय राजदूतबीच गत २ डिसेम्बरमा काठमाडौंको लैनचौरस्थित भारतीय दूतावासमा औपचारिक भेटघाट भयो । सो क्रममा आपसी दौत्य सम्बन्धबारे कुरा भयो ।

भेटका क्रममा उपपकुलपति शम्भुजीत बासकोटाले नेपालमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयअन्तर्गत भाषा साहित्य, सङ्गीत तथा नाट्य र ललितकला गरी छुट्टाछुट्टै तीनओटा एकाडेमी भएको जानकारी गराउनुभयो ।

उपकुलपति बासकोटाले पूर्वप्रधानमन्त्री केपी शर्मा ओली भारत भ्रमणमा जाँदा नेपालको सङ्गीत नाट्यको विकासका लागि नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान भारत सङ्गीत नाट्य एकदेमीसँग सहकार्यका लागि 'एमओयु' हस्ताक्षर भएको जानकारी गराउनुभयो । तर त्यो एमओयुसम्बन्धी खासै प्रगति हुन नसकेको कुरा भारतीय राजदूत रायलाई उपकुलपतिले दर्शाउनुभयो ।

सो भेटमा राजदूत रायले यस प्रतिष्ठानका लागि भवन निर्माण गर्न दूतावासले सघाउने प्रतिबद्धता जनाउनु भयो । नेपालको सङ्गीत नाट्यको विकास र विस्तारमा भारत सरकार सहकार्य गर्न तत्पर रहेको पनि उहाँले बताउनुभयो । भेटवार्तामा उपकुलपतिसँग उहाँले भारतको संगीत नाट्य एकेदेमी र नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानबीच विभिन्न कार्यक्रम आदान-प्रदान हुने बताउनुभयो । राजदूत रायले नेपाली संस्कृतिको विकास र उत्थानका लागि भारतले सहयोग गर्नेबारे आश्वस्त पार्नु भयो ।

## कुलपति, उपकुलपति र चिनियाँ दूतावासका जियाङ वाईबीच भेट

काठमाडौं । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ (सरूभक्त), उपकुलपति शम्भुजीत बासकोटा र नेपालका लागि चिनियाँ दूतावासका राजनीति तथा सञ्चार शाखा प्रमुख जियाङ वाईबीच औपचारिक भेट भयो । बालुवाटारस्थित दूतावासमा गत ९ अगस्टमा भएको आपसी भेटवार्तामा दुई देशको गीत सङ्गीत र नाट्य कलाबारे छलफल भयो ।

नेपाल चीन दौत्य सम्बन्ध ६० वर्ष पुगेको अवसरको सो भेटमा कुलपति सरूभक्तले नेपालको विविध सङ्गीत, नाटक, नृत्यबारे जानकारी गराउनुभयो । कुलपतिले उठाउनु भएको विषयमा उपकुलपति बासकोटाले थप प्रकाश पार्नु भयो ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान र चीनको पनि सोही प्रज्ञा प्रतिष्ठानबीच 'एमओयु' हस्ताक्षर गरी आपसमा सहकार्य गर्दै अघि बढ्ने कुराकानी भयो । राजनीति तथा सञ्चार शाखा प्रमुख जियाङ वाईले नेपाल सरकारबाट प्राप्त जग्गामा यस प्रतिष्ठानको भवन निर्माणका लागि सहयोग गर्ने प्रतिब[illegible]ता व्यक्त गर्नुभयो । दुवै देशबीच सांस्कृतिक आदान-प्रदानबारे पनि छलफल भयो ।


## उपकुलपति बासकोटा र जापानी राजदूत ओगावाबीच भेट



काठमाडौं । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका उपकुलपति र नेपालका लागि जापानीज राजदूत मसासी ओगावाबीच औपचारिक भेटघाट भएको छ ।

गत १७ अक्टोबर २०१६ मा काठमाडौंको पानीपोखरीस्थित जापानिज दूतावासमा भएको सो भेटमा उपकुलपति बासकोटाले राजदूत ओगावालाई नेपाली सङ्गीत तथा नाट्य र यस प्रतिष्ठानबारे जानकारी गराउनुभयो । नेपालको परराष्ट्र मन्त्रालयको समन्वयमा यस प्रतिष्ठान र जापानको समकक्षी प्रतिष्ठानबीच सम्बन्ध स्थापना र सहयोग आदान-प्रदान गर्ने छलफल भयो ।

नेपाल जापान दौत्य सम्बन्धको ६०औं वर्षको अवसरमा भएको सो भेटमा नेपालको परम्परागत सङ्गीतको विकासमा सघाउँदै त्यसलाई जापानमा समेत लैजाने राजदूत ओगावाले बताउनुभयो । सो छलफलमा जापानिज दूतावासको कल्चर एट्याची कियोहिको हामादा पनि सहभागी हुनुहुन्थ्यो । एक आपसमा विभिन्न योजनामा सहकार्य हुने छलफल उपकुलपति बासकोटा र राजदूत ओगावाबीच भयो ।




# नेपालको रङ्गमञ्च : विगत र आगत

नेपालको रङ्गमञ्चमाथि गहन अध्ययन र अनुसन्धान गरी तयार पारिएको 'नेपालको रङ्गमञ्च : विगत र आगत' प्रकाशित भएको छ । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले प्रकाशित गरेको यो पुस्तक कृष्ण शाह यात्रीले लेखेका हुन् । पुस्तकलाई गत मंसीर महिनामा काठमाडौँमा एक समारोहबीच संस्कृतिविद् डा. सत्यमोहन जोशीले विमोचन गर्नु भएको थियो ।

नेपालको नाट्य साहित्यसम्बन्धी विभिन्न कोणबाट लेखिएका इतिहास र समालोचनाका थुप्रै पुस्तकहरू प्रकाशित भएका छन् । नेपालको नाट्य-रङ्गमञ्चसम्बन्धी पुस्तकहरू भने निकै थोरै प्रकाशित भएको देखिन्छ । पुस्तकहरू प्रकाशित भए तापनि धेरैजसो पुस्तकमा राजधानी केन्द्रित नाट्य गतिविधिहरूलाई नै बढी स्थान दिइएको हुन्छ । 'नेपालको रङ्गमञ्च : विगत र आगत' पुस्तकले भने राजधानीसँगै राजधानी बाहिर मोफसललाई पनि उत्तिकै महत्वका साथ स्थान दिएको छ ।

लगभग सात दर्जन नाटक निर्देशन गरिसकेका र दर्जनबढी नाटकका पुस्तक प्रकाशित गरिसकेका यात्रीले यो पुस्तकको सामग्री सङ्कलन गर्न मात्रै दुई दशकभन्दा बढी समय लगाएको बताएका छन् । ५२० पृष्ठ रहेको यस पुस्तकमा विभिन्न रङ्गकर्मीहरूका १५० भन्दा बढी पोट्रेट तस्बीरहरू, सोह्र पृष्ठको नाटकका रङ्गीन तस्बीरहरू भएको फोटो ग्यालरीले ऐतिहासिक महत्व बोकेको छ ।

अनुवाद नाटक-कालका नाटक निर्देशक मोतीराम भट्टदेखि वर्तमान समयका युवा निर्देशक नवराज बुढाथोकीसम्मको नाट्यकर्मको यस पुस्तकमा ठाउँ पाएको छ । यसैगरी नेपालको प्रथम नारी कलाकार बुद्धिदेवीदेखि पछिल्लो पुस्ताको कलाकार सरस्वती चौधरीसम्मका प्रतिनिधि रङ्गकर्मले यस पुस्तकमा स्थान पाएको छ ।

यो पुस्तक सात खण्डमा विभाजित छ । पहिलो खण्डमा रङ्गमञ्चको सैद्धान्तिक स्वरूपको अध्ययन र व्याख्या गरिएको छ । रङ्गमञ्चको शास्त्रीय ज्ञान जान्न चाहनेहरूका लागि यो अध्याय निकै महत्वपूर्ण देखिन्छ । यस खण्डमा रङ्गमञ्चको परिभाषा र अवधारणा, नाटक र रङ्गमञ्चको अन्तर्सम्बन्ध एवं रङ्गमञ्चका तत्वहरूको बारेमा लेखिएको छ । नाट्य आलेख, नाटक निर्देशक, कलाकार, मञ्च सज्जा र रङ्ग सामग्री, रङ्ग प्रविधि, रूप सज्जा, शृङ्गार, वेषभूषा, नाट्यशाला, दर्शकको बारेमा समेत यस खण्डमा छुट्टाछुट्टै व्याख्या र विश्लेषण गरिएको छ ।

यसका साथै रङ्गमञ्चको उद्‌भव र विकासको बारेमा पनि यहाँ विभिन्न जानकारी पाइन्छ । रङ्गमञ्चसम्बन्धी केही सिद्धान्तहरू प्रस्तुत गर्ने क्रममा आचार्य भरतमुनिको अभिनय सिद्धान्त, अरस्तुको अनुकरण सिद्धान्त र स्तानिस्लावस्कीको अभिनय सिद्धान्तको गहन व्याख्या भएको छ ।

यस पुस्तकको खण्ड नेपाली रङ्गमञ्चको प्रारम्भिक कालयात्रामा केन्द्रित रहेको छ । लिच्छविकालीन, मल्लकालीन, नेपाल एकीकरणपछिको राणाकालीनलगायत अनुवादित नेपाली नाट्य परम्परा, रङ्गमञ्चमा पहलमानसिंह स्वाँरका नाटक हुँदै डबली नाटकसम्मको व्याख्या गरिएको छ ।

मल्लकालमा भने भक्तपुर, ललितपुर र कान्तिपुरका गतिविधिहरूलाई छुट्टाछुट्टै उल्लेख भएको छ । यसै खण्डमा राणाकालीन नेपाली नाटक र रङ्गमञ्चका साथै अनुवादित नेपाली नाटक र रङ्गमञ्च, पहलमानसिंह स्वाँरका नाटक र रङ्गमञ्च, दबू प्याख (डबली नाटक) र रङ्गमञ्चको समेत अध्ययन भएको छ । यसबाट नेपालको प्रारम्भिककालको रङ्गमञ्चको अवस्थालाई बुझ्न निकै सघाउ पुर्‍याउँछ ।

पुस्तकको तेस्रो खण्डमा 'नेपाली रङ्गमञ्चको आधुनिक कालयात्रा' प्रस्तुत गरिएको छ । नेपाली रङ्गमञ्चको आधुनिक कालयात्रा वि.सं. १९९५ बाट प्रारम्भ भएको मानिन्छ । यो वर्ष बालकृष्ण समद्वारा निर्देशित नाटक 'मुकुन्द इन्दिरा'को प्रस्तुति शैलीका आधारमा नेपाली रङ्गमञ्चमा आधुनिक नाटकको प्रवेश भएको मानिन्छ । यसलाई प्रारम्भ विन्दु मानेर यस नेपाली रङ्गमञ्चको आधुनिक कालयात्रालाई यहाँ तीन चरणमा विभाजन गरिएको छ । प्रथम चरणअन्तर्गत वि.सं. १९९५ देखि वि.सं. २०२९ सम्म भएका नाट्य गतिविधिलाई समेटिएको छ । द्वितीय चरणमा वि.सं. २०३१ देखि वि.सं. २०४६ सम्मका नाट्य गतिविधिलाई राखिएको छ ।

यसैगरी, तृतीय चरणमा वि.सं. २०४७ देखि वि.सं. २०७२ (सबैभन्दा पछिल्लो वर्ष) सम्मका नाट्य गतिविधिलाई समावेश गरिएको छ । वि.सं.२०३० देखि नेपाली रङ्गमञ्चमा नाट्य प्रेक्षालय निर्माण हुन थाले । नयाँ प्रतिभाशाली नाटक निर्देशक रङ्गमञ्चमा देखिन थाले । काठमाडौँका रङ्गमञ्चमा नियमित नाटक मञ्चन हुन थाले । तीसको दशकमा मोफसलमा पनि नाटक उल्लेख्य सङ्ख्यामा मञ्चन भए । त्यसैले यसभन्दा अघिको समयलाई अर्थात् वि.सं. १९९५ देखि वि.सं. २०२९ सम्मको अवधिलाई आधुनिक नेपाली रङ्गमञ्चको प्रथम चरण मानिएको हो ।

वि.सं. २०३० देखि नेपालमा प्रजातन्त्रको पुनर्स्थापना भएको वर्ष वि.सं. २०४६ सम्मको अवधिलाई द्वितीय चरणका रूपमा व्याख्या गरिएको छ । वि.सं. २०४६ पछि नेपालमा वाक स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रता आएपछि थुप्रै संघसंस्था खुल्न थाले । यस अवधिमा नेपाली रङ्गमञ्चमा विभिन्न किसिमका अभ्यास भए ।

नयाँ-नयाँ नाट्य संस्थाको स्थापना हुनुका साथै नाटकघर समेत यस अवधिमा नियमित सञ्चालनमा आए । रङ्गमञ्चमा नवीन प्रयोगहरू भए । त्यसैले यस अवधिलाई तृतीय चरणका रूपमा लिइएको हो । यसका

अतिरिक्त यस खण्डमा नेपाली रङ्गमञ्चमा भएका विभिन्न प्रयोगलाई समेटिएको छ । जसअनुसार यहाँ रङ्गमञ्चमा मल्टिमिडिया प्रयुक्त नाटक, कविता मञ्चन, कथा र निबन्ध मञ्चन, सडक नाटक, सङ्केत नाटक, धारावाहिक नाटक, नदी रङ्गमञ्च, लीला प्रविधियुक्त तथा पात्र-प्रतिक्रियात्मक नाटक, कचहरी नाटक, गीति नाटक, लघुकथा मञ्चन आदिको समेत छुट्टै व्याख्या र विश्लेषण गरिएको छ ।

यसैगरी यस पुस्तकको चौथो खण्डमा मोफसलमा नेपालको रङ्गमञ्चको स्थिति दर्शाएको छ । नेपाली रङ्गमञ्चमा राजधानीमा जति नाटक मञ्चन र रङ्गमञ्चीय अभ्यास भएका छन्, त्यत्तिकै मात्रामा मोफसल (राजधानी बाहिर) पनि रङ्गमञ्चीय गतिविधि भएका छन् । नेपाली रङ्गमञ्चको अध्ययन गर्दा मोफसलको अध्ययन निकै कम्ती हुने गरेको छ । मोफसलको रङ्गमञ्चीय स्थितिलाई यसरी बृहत रूपमा अध्यन गरिएको पुस्तक सम्भवतः यो नै पहिलो हुनु पर्दछ ।

नाटक मञ्चन र रङ्गमञ्चीय गतिविधि भएका जिल्लामध्ये महत्वपूर्ण नाट्य गतिविधिका आधारमा इलाम, पाँचथर, झापा, धनकुटा, भोजपुर, मोरङ, सुनसरी, उदयपुर, ओखलढुंगा, खोटाङ, धनुषा, महोत्तरी, चितवन, बारा, पर्सा, मकवानपुर, नुवाकोट, रामेछाप, कास्की, सुर्खेत, दाङ, पर्वत, हुम्ला र डोटी जिल्लामा भएका सुरूदेखिका रङ्गमञ्चीय पाटोलाई पुस्तकमा स्थान दिइएको छ । यी जिल्लाहरूमा मञ्चन भएका नाटक, विभिन्न दशकमा सक्रिय नाट्य समूह, नाटक निर्देशक र कलाकारको बारेमा जानकारी दिने उद्देश्यले धेरैजसो स्थानमा यस पुस्तकका लेखकले व्यक्तिगत तवरबाट गरेको स्थलगत भ्रमण, शोधीखोजी र अध्ययनका आधारमा यो खण्ड तयार पारेको बताएका छन् ।

पाँचौ खण्डमा नेपाली रङ्गमञ्चका प्रतिनिनिधि नाटक निर्देशक र छैटौ खण्डमा नेपाली रङ्गमञ्चका प्रतिनिधि कलाकारहरूको नाट्यकर्मको चर्चा भएको छ । नेपाली रङ्गमञ्चलाई आ-आफ्नो ठाउँबाट गतिशील र समृद्ध बनाउन महत्वपूर्ण भूमिका निर्वाह गरेका अन्य रङ्गकर्मीको चर्चा समेत यस खण्डमा संक्षिप्त रूपमा भएको छ ।

# 'नेपाली सङ्गीतमा नारी' प्रकाशित

काठमाडौं । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानले नेपाली सङ्गीतक्षेत्रमा क्रियाशील गरी कलाकर्मीहरूको बृहत् अध्ययन तथा खोज अनुसन्धान गरेर तयार पारिएको पुस्तक 'नेपाली सङ्गीतमा नारी' प्रकाशनमा ल्याएको छ । सञ्चारकर्मी राजाराम फुयाँलले बृहत् अनुसन्धान तथा खोजविन गरेर यो पुस्तक तयार पार्नु भएको हो ।




४ सय पृष्ठ लामो यस पुस्तकमा सङ्गीतलाई कालक्रमिक अध्ययन गरिएको छ । पृष्ठ भूमिकाल, प्राथमिक काल, माध्यमिक काल र आधुनिक कालका रूपमा विभिन्न समयलाई वर्गीकरण गरेर चरणबद्ध विषयहरू यसमा समावेश छन् । सङ्गीतमा क्रियाशील सबै विधामा उपस्थिति जनाएका महिला स्रष्टा/कलाकारहरूको बारेमा विधागत रूपमा उल्लेख गरिएको छ ।

कालखण्डको प्रारम्भमा भए गरेका साङ्गीतिक घटना तथा क्रियाकलाप स-विस्तार प्रस्तुत गरिएको छ । जसबाट तत्कालीन समयमा के के भएको रहेछ भन्ने कुरा ज्ञात हुन्छ । कुन कुन स्रष्टा/कलाकार के कस्तो पृष्ठभूमि र परिस्थितिबाट सङ्गीतको कुन विधामा कसरी प्रवेश गरेका रहेछन् र उनीहरूको उपस्थिति तथा योगदान के कस्तो रह्यो भन्ने कुरा पुस्तकले छर्लङ्ग पारेको छ । सरल प्रस्तुति, कथात्मक एवं सिलसिलेवार भएकाले पुस्तक पठनीय, बोधगम्य र रोमाञ्चक लाग्दछ । बीचबीचमा उदाहरणहरूसमेत समावेश भएको हुँदा लेखकले कुन कालखण्ड र चरणमा के कस्ता सङ्गीतआएका रहेछन् भनेर छुट्याउन पनि सजिलो पारिदिनु भएकोछ ।

वैदिककालका देवी सरस्वती, लक्ष्मी, पार्वतीलाई नै पृष्ठ भूमिकालीन स्रष्टा मानेर लेखिएको पुस्तकले रामायण काल, महाभारत काल, गोपालवंशी काल, महषिपालवंशी काल, किराँतकाल, लिच्छवी काल, मल्ल काल हुँदै अहिलेको समय समयमा सबै प्रसंग रोचक र घोचक तरिकाले सबै प्रसंग रोचक र घोचक तरिकाले पुस्तकमा उठान गरिएको छ ।

ती काल र समयमा देखापरेका २७ सय ५५ नारीको नाम, काम र कृति उल्लेख छ । १६ सय महिला कलाकारहरूको तस्बिर पनि पुस्तकमा संग्रहित छ । विधागत वर्गीकरण गरेर लेखिएकाले आफ्नो रूचिअनुसारको विषय पठ्न पनि पाठकहरूलाई लेखकद्वारा सजिलो पारिएको छ ।

सङ्गीतको प्रारम्भिक अवस्थादेखि नै महिलाहरू सङ्गीतकर्ममा सक्रिय थिए । उनीहरूको प्रतिभा र अवस्था बुझ्न यो पुस्तक अत्यन्त उपयोगी छ । विभिन्न कालखण्डमा देखापरेका महिलाहरू जो पुरूषभन्दा कुनै पनि मानेमा कमजोर रहेको कुरालाई पुस्तकले उजागर पनि गरिदिएको छ ।

मेलवादेवी, कोइलीदेवी, तारादेवी, चाँदनी शाह, अरूणा लामा, मीरा राणा, विमाकुमारी दुरा, विष्णु माझी र अञ्जु पन्त, उन्नति बोहरा शिला कुनै पनि सवालमा पुरूषभन्दा कमजोर नरहेको कुरा लेखकले विश्लेषणात्मक ढंगले पुस्तकमा लेखेका छन् । पुस्तकले नेपाली सङ्गीतले कुनै मोड, परिवर्तन, नल्याएको तीतो कुरा पनि उजागर गरेको छ ।

सङ्गीतसम्बन्धी रूचि राख्नेहरूका लागि यो पुस्तक अत्यन्त उपयोगी छ । नेपाली सङ्गीतमा क्रियाशील रहँदै आएका महिलाहरूको अध्ययन गरिएको यो एउटा राम्रो ग्रन्थ मान्न सकिन्छ ।

# अग्रज स्रष्टाहरूबारे वृत्तचित्र निर्माण

*काठमाडौं । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानकले नेपाली सङ्गीत नाट्य क्षेत्रमा योगदान पुर्‍याउनु भएका अग्रज कलाकारहरूको जीवनपरक वृत्तचित्र निर्माण गरेको छ । उहाँहरूको योगदानको कदर गर्दै उहाँहरूको कामलाई अभिलेखीकरण गर्ने उद्देश्यले सम्बन्धित स्रष्टाबारे प्रतिष्ठानको श्रव्य दृश्य शाखाद्वारा वृत्तचित्र निर्माण गरिएको छ । यो क्रममा आधा दर्जन नेपाली स्रष्टाहरूको वृत्तचित्र निर्माण सम्पन्न गरिएको हो । जसअन्तर्गत निम्न व्यक्तिहरूको बारेमा वृत्तचित्र निर्माण सम्पन्न गरिएको छ ।*

## मास्टर रत्नदास प्रकाश



१९७० माघ अष्टमीका दिन लाजिम्पाट काठमाडौंमा जन्मनु भएका मास्टर रत्नदास प्रकाशले नेपाली संगीत क्षेत्रमा पुर्‍याउनु भएको योगदानको मूल्यांकन गर्दै सो योगदानबारे यस प्रतिष्ठानले वृत्तचित्र निर्माण गरेको छ ।

उस्ताद भैरवलाल प्रधानसँग औपचारिक रूपमा संगीतसम्बन्धी शिक्षा लिएर प्रकाशले आफ्नो सांगीतिक यात्रा सुरू गर्नुभएको थियो । उहाँले आफूलाई गाईजात्राको नाटकमा नायिकाको भूमिकामा समेत अभिनय गरेर अभिनय कलामा पनि सक्षम भएको प्रमाणित युवाकालमा गर्नुभएको थियो ।

नेपालमा सर्वप्रथम माइकमा गाउने कलाकार रत्नदास नै हुनुहुन्थ्यो । १९९५ सालमा भद्रकाली लेवल कम्पनीमार्फत कोलकाता गई रत्नदासले लक्ष्मीदेवी र गीतादेवीसँग युगल गीत गाई डिस्क रेकर्ड गराउनुभएको थियो । उहाँले १९९७ सालमा पुनः कोलकाता गएर चारओटा गीत रेकर्ड गरी आठओटा गीतको डिक्स निकाल्नु भयो ।

त्यतिबेला अल इण्डिया रेडियोमा स्वरपरीक्षा दिएर पास भएपछि उहाँले सो रेडियोमा केही नेपाली गीतहरू पनि गाउनु भएको थियो । त्यसपछि निरन्तर नेपाली संगीत क्षेत्रमा योगदान पुर्‍याउनु भएका मास्टर रत्नदास प्रकाशको २०४९ सालमा निधन भएको । उहाँको यस्ता विविध योगदानलाई यस प्रतिष्ठानले वृत्तचित्रमा समेटेको छ ।

## फत्तेमान राजभण्डारी



प्रसिद्ध गायक फत्तेमान राजभण्डारीको जन्म १९९३ मंसिर १३ गते पशुपतिस्थित पाःचाटोल काठमाडौंमा भएको हो । उहाँले पशुपति मन्दिर आसपासमा हुने भजन कार्यक्रममा भजन गाएर बाल्यकालबाटै आफ्नो गायन यात्रा सुरू गर्नुभएको थियो । उहाँले २०१८ सालदेखि रेडियो नेपालबाट उहाँको गायनयात्रा औपचारिक रूपमा प्रारम्भ भएको हो ।

गायक राजभण्डारीले यस्तो पनि हुँदो रैछ जिन्दगीमा कैले कैले..., बनै खायो डढेलोले..., सान्नानीको गालैमा..., शम्भुजीत बासकोटाको सङ्गीतमा चलचित्र प्रेमपिण्डको रिडीकाली भेट हुने दोभानै...जस्ता थुप्रै चर्चित गीत गाउनु भएको थियो । उहाँले लोक, आधुनिक भजन, राष्ट्रिय भाका गरेर करिब चार सय गीत रेकर्ड गराउनु भएको थियो भने करिब ४० ओटा गीतमा आफैंले सङ्गीत दिनु भएको थियो ।

गायक राजभण्डारीले सन्त हृदय, देऊ दर्शन, प्रेमपीडा, गायक फत्तेमान साँझ कार्यक्रम एल्बम जस्ता भजन तथा आधुनिक गीतिसंग्रह निकाल्नु भएको थियो । फोक्सोको क्यान्सका कारण उहाँको सन् २०१३ मा निधन भएको हो । उहाँले नेपाली साङ्गीतिक क्षेत्रमा पुर्‍याउनु भएको योगदानलाई यस प्रतिष्ठानले वृत्तचित्रमा समेटेको छ ।

## दिलमाया खाती



दार्जिलिङको घुमपहाडमा १९९६ साउन २३ गते जन्मनु भएकी दिलमाया खाती मेलोडी मुनका रूपमा परिचित हुनुहुन्छ । २०१९ सालमा रेडियो नेपालमा आयोजना गरेको साङ्गीतिक प्रतियोगितामा उहाँ गायनमा प्रथम हुनु भएको थियो । आफ्नो पहिलो गीत सावन फर्की फेरि झऱ्यो माया लगाई निष्ठुरी फर्केन...बाटै उहाँ नेपाल, भारतमा लोकप्रिय हुनु भयो ।

२०१८ सालदेखि २०३० सालसम्म गायनमा विशेष रूपमा लाग्नुभएकी दिलमायाले यो बीचमा सम्झेर बुझेर दिइहाल त्यो जोवन..., बिछोडको पीडा नसकी खप्न..., खोलाको दुई किनारा भो तिम्रो र मेरो पिरती..., जस्ता विभिन्न चर्चित गीतहरू गाउनु भएको छ ।

उहाँ २०५६ सालमा उहाँ गायनमा फर्कनु भएको हो । त्यसपछि उहाँले आफ्नो स्वरमा गीतिसंग्रह शिखा पनि स्रोतामाझ ल्याउनु भयो । नेपाली गायन क्षेत्रमा थोरै, तर राम्रा गीत गाउने गायिकाको रूपमा ख्याति कमाउनु भएकी दिलमाया खातीको योगदानको कदरस्वरूप यस प्रतिष्ठानले उहाँको साङ्गीतिक यात्रालाई वृत्तचित्रमा समेटेको छ ।

## तारादेवी श्रेष्ठ



स्वर किन्नरीको रूपमा नेपाली साङ्गीतिक क्षेत्रमा चिनिनु भएकी गायिका तारादेवी श्रेष्ठको जन्म २००१ माघ २ गते काठमाडौंको इन्द्रचोकमा भएको थियो । सानै उमेरदेखि गायनमा चासो देखाएपछि उहाँलाई उस्ताद भैरवबहादुर थापाले सङ्गीत शिक्षा दिनुभएको थियो ।

उहाँले पहिलोपटक २०१२ सालतिर ११ वर्षको उमेरमै गुरू भैरवबहादुरसँग युगल रूपमा पहिलो गीत गाउनु भएको थियो । २०१५ सालमा तारादेवी गायिका कलाकारको रूपमा रेडियो नेपालमा आबद्ध हुनु भएको थियो । २०३२ सालमा तारादेवीले प्रयाग सङ्गीत समिति इलाहावाद भारतबाट गायनमा सङ्गीत विरासत गर्नुभएको थियो । उहाँले रेडियो नेपालमा स्थायी सेवामा संलग्न भई अधिकृतस्तरको रूपमा कार्यरत रहेर सङ्गीत क्षेत्रमा योगदान पुऱ्याउनु भयो ।

लोक, आधुनिक,चलचित्र, भजन, राष्ट्रगान जस्ता सबै प्रकारका गीतहरू गाउनु भएकी तारादेवीले एक हजारभन्दा बढी गीतहरू आफ्नो स्वरमा रेकर्ड गराउनुभएको थियो । उहाँको ६१ वर्षको उमेरमा ८ माघ २०६२ मा निधन भएको थियो । उहाँको साङ्गीतिक योगदानको कदरस्वरूप यस प्रतिष्ठानले तारादेवीको वृत्तचित्र निर्माण गरेको छ ।

## योगेश वैद्य



प्रसिद्ध गायक योगेश वैद्यको जन्म २००३ असार २४ गते काठमाडौंको नरदेवीमा भएको हो । विद्यालयमा अध्ययनरत रहँदा नै विभिन्न कार्यक्रममा गीत गाउनु भएका उहाँले २०१४ सालमा 'पुरूष नारी दिवस रजनी साथ नै युग भर्दछन्...' गीतबाट आफ्नो औपचारिक गायन यात्रा सुरू गर्नुभएको हो ।

सङ्गीत प्रवीण नरराज ढकालसँग शास्त्रीय गायन सिक्नुभएका वैद्यले रेडियो नेपालका आधुनिक गायन प्रतियोगितामा २०६८ सालमा प्रथम स्थान हासिल गर्नुभएको थियो । उहाँले सपना भुलाई सारा..., नेपाल मेरो तिमीलाई..., मेरो आँशुमा नहाँसे..., यो लामो जीवनमा किन म हतास हतास छु... जस्ता सैयौं चर्चित गीतहरू गाउनु भएको छ ।

नेपाल सरकारको सहसचिव पदबाट अवकाश पाउनु भएका कलाकार वैद्य भर्खरै यस प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य उन्नति बोहरा 'शिला' को एकल रचना, प्रतिष्ठानका उपकुलपति शम्भुजीत बासकोटाको एकल सङ्गीत र आफ्नो एकल स्वरमा गीतिसंग्रह 'यो लामो जीवन' स्रोतामाझ ल्याउनु भएको छ । वैद्यले नेपाली सङ्गीत क्षेत्रमा पुऱ्याउनु भएको योगदानस्वरूप उहाँको बारेमा यस प्रतिष्ठानले वृत्तचित्र निर्माण गरेको छ ।

# ज्याज र विश्व सङ्गीत उत्सव-२०१६ इजरायलमा कुलपति

काठमाडौं । ज्याज र विश्व सङ्गीत उत्सव -२०१६, इजरायलमा आमन्त्रित भई नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ (सरूभक्त) १४ नोभेम्बर २०१६ मा इजरायल प्रस्थान गर्नु भएको थियो ।

सो कार्यक्रम नोभेम्वर १६ देखि १९ सम्म इजरायलको राजधानी जेरूसेलम र प्रमुख सहर तेल अविवमा सम्पन्न भएको हो । १६ नोभेम्बरमा जेरूसेलमको एल्लो सवमरिनमा ज्याज र विश्व सङ्गीत उत्सवको उद्घाटन समारोह सम्पन्न भएको थियो । समारोहमा विश्वका विभिन्न देशहरूबाट पाल्नु भएका अतिथिहरूलाई स्वागत गरिएको थियो । नेपालबाट कुलपति सरूभक्त अतिथि हुनुहुन्थ्यो । सो दिन ओपनिङ्ग कन्सर्टको समेत आयोजना गरिएको थियो ।

१७ नोभेम्बर दिनभरि नै विभिन्न कार्यक्रम आयोजना गरियो । सोही महोत्सवमा १८ नोभेम्वरमा इजरायलको ठूलो सहर तेलअविवको बार्वी क्लबमा कार्यक्रम गरिएको थियो । सो कार्यक्रममा पनि कुलपति सहभागी




हुनुभयो । कार्यक्रमको अन्तिम दिन १९ नोभेम्वरमा जेरूसेलमको एल्लो सवमरिनमा समापन कार्यक्रम सम्पन्न भएको थियो ।

यसरी चार दिनसम्म चलेको यस उत्सवमा प्रत्येक दिन इजरायलका विभिन्न ज्याज एवं अन्य साङ्गीतिक समूहरूद्वारा साङ्गीतिक प्रस्तुति गरिएको थियो । कुलपति सरूभक्तले इजरायलमा सम्पन्न ज्याज र विश्व सङ्गीतका विविध गतिविधिदेखि आफू प्रभावित भएको प्रतिक्रिया व्यक्त गर्नुभयो । उत्सवमा सहभागिताको क्रममा आवश्यक सहयोग र व्यवस्था मिलाइदिने नेपालका लागि इजरायलका महामहिम राजदूत यारोन मेयर र इजरायलका लागि नेपाली कार्यबाहक राजदूत रामेश्वर पौडेलप्रति हार्दिक उहाँले आभार व्यक्त गर्नु भयो ।

सो उत्सवमा नेपाललगायत बेलायत, आयरल्यान्ड, डेनमार्क, फिनल्यान्ड, अस्ट्रिया, पोल्यान्ड, नेदरल्यान्ड, जर्मनी, स्पेन, फ्रान्स, जिब्राल्टर, बेल्जियम, बुल्गेरिया, चेक रिपब्लिक, स्लोभेनिया, स्लोभाकिया, बोस्निया, ग्रीस, साइप्रस, टर्की, काजकिस्तान, भियतनाम, जापान, दक्षिण कोरिया, अस्ट्रेलिया, क्यानडा, अमेरिका र ब्राजिलका प्रतिनिधिहरूको पनि सहभागिता रहेको थियो ।

# कुलपति इजरायलमा सम्मानित



काठमाडौं । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ (सरूभक्त) १९ नोभेम्बर २०१६ मा इजरायलमा सम्पन्न अन्तर्राष्ट्रिय ज्याज र विश्व सङ्गीत उत्सवमा अतिथिको रूपमा सहभागी हुनु भयो । त्यहाँ सक्रिय रहेका अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज र विश्व साहित्य महासंघ इजरायलले सोही अवसरमा १९ नोभेम्बरमा तेलअबिबमा स्रष्टा साक्षात्कार कार्यक्रम आयोजना गरेको थियो । महाकवि देवकोटाको जन्मदिनको सन्दर्भमा आयोजित सो कार्यक्रममा कुलपति सरूभक्तलाई सम्मान गरियो । उहाँले नेपाली साहित्यमा

पुऱ्याउनुभएको योगदानको कदरस्वरूप सम्मान गरिएको कायक्रममा जानकारी गराइयो ।

कुलपति सरूभक्तले इजरायलको डायस्पोरामा बसी साहित्य सिर्जना गरिरहेका सबै स्रष्टाहरूको प्रशंसा गर्दै आजको नेपाली साहित्यको इतिहासमा डायस्पोराको योगदानको चर्चा नगरिए साहित्यको इतिहास नै अधुरो हुने विचार सो कार्यक्रममा व्यक्त गर्नुभयो । सो अवसरमा उहाँले महाकवि देवकोटाको व्यक्तित्वको चर्चा पनि गर्नुभएको थियो ।

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, इजरायलको अध्यक्ष भगवती बस्नेतको सभापतित्वमा सञ्चालित सो कार्यक्रममा इजरायलका लागि नेपाली कार्यबाहक राजदूत रामेश्वर पौडेलले प्रमुख आतिथ्यता ग्रहण गर्नुभएको थियो । सो कार्यक्रममा इजरायलमा बसोबास गरिरहेका नेपाली कविहरूद्वारा आफ्ना कवितासमेत वाचन गरेको थियो ।




# हरिप्रसाद कल्याणी रिमाल सम्मान कुलपतिद्वारा प्रदान

काठमाडौ । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ (सरूभक्त) को प्रमुख आतिथ्यमा गत २५ असार २०७३ मा काठमाडौंमा वरिष्ठ गायक एवं नाट्यकर्मी हरिप्रसाद रिमालको ८०औं जन्मोत्सव मनाइयो ।

सो क्रममा कुलपति सरूभक्तले हरिप्रसाद कल्याणी रिमाल नाट्य सङ्गीत प्रतिष्ठानका तर्फबाट नाट्यकर्मी र सञ्चारकर्मीलाई सम्मान प्रदान गर्नु भयो । उहाँले प्रतिष्ठानका तर्फबाट अभिनेत्रीद्वय शुभद्रा अधिकारी र बसुन्धरा भुसाललाई हरिप्रसाद कल्याणी रिमाल नाट्य सङ्गीत पुरस्कार प्रदान गर्नु भयो । यस्तै, उहाँले सञ्चारकर्मीद्वय कमल प्रधान र हरिश चन्द (माइकल चन्द) लाई हरिप्रसाद कल्याणी रिमाल सञ्चार सेवा सम्मान प्रदान गर्नु भयो ।

अधिकारी र प्रधानलाई २०७० सालको पुरस्कार एवं सम्मान तथा भुसाल र चन्दलाई २०७१ सालको पुरस्कार एवं सम्मान प्रदान गरिएको हो । कुलपति सरूभक्तले पुरस्कारस्वरूप अभिनेत्रीद्वयलाई जनही २५ हजार एक सय ११ रूपैयाँ र ताम्रपत्र तथा सम्मानस्वरूप सञ्चारर्मीद्वयलाई ११ हजार एक सय ११ रूपैयाँसहित ताम्रपत्रद्वारा सम्मान गर्नु भएको हो ।

सोही कार्यक्रममा उहाँले सो प्रतिष्ठानका तर्फबाट हरिप्रसाद कल्याणी रिमाल कलासम्मानबाट कलाकारहरू सुदेश शर्मा, सञ्जय श्रेष्ठ, माण्डवी त्रिपाठी, अजर जंगम, घनश्याम गौतम र मनोहर सुनामलाई सम्मानित गर्नुभयो ।

कार्यक्रममा कुलपति सरूभक्तले विगत १३ वर्षदेखि बिरामी भई घरमै आराम गरिरहनु भएका हरिप्रसाद रिमालको जन्मोत्सवको अवसरमा उहाँको स्वस्थ्यलाभको कामना गर्नु भयो । उहाँले नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले गर्नुपर्ने काम हरिप्रसाद कल्याणी रिमाल नाट्य सङ्गीत प्रतिष्ठानले गर्दै आएको छ भन्नु भयो । यस्ता पुरस्कार एवं सम्मानले सम्बन्धित स्रष्टालाई हौसला मिल्ने बताउँदै उहाँले सो प्रतिष्ठानसँग यस प्रतिष्ठानले सहकार्य गर्दै अघि बढ्ने भनाइ राख्नु भयो । उहाँले यो क्षेत्र जातीय सांस्कृतिक पहिचानलाई जोगाइराख्ने क्षेत्र भएकाले यस क्षेत्रमा सरकारले लगानी बढाउनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा सम्मानित अभिनेत्री बसुन्धरा भुसालले यसरी आफ्नो गुरूको संस्थाबाट सम्मानित हुँदा माइतीबाटै केही पाएको महसुस गरेँ भन्नु भयो । गत वर्षको विनाशकारी भूकम्पलगायतका कारणले यो सम्मान र पुरस्कार गत वर्ष प्रदान गर्न नसकिएको आयोजकका तर्फबाट कार्यक्रममा जानकारी गराइयो ।

# युआरएलको तेश्रो वार्षिक उत्सवमा कुलपति




पोखरा। नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ (सरूभक्त) पोखराको न्युरोडमा रहेको युनाइटेड रेफ्रेन्स ल्याब्रोरेटरी प्रा.लि.(युआरएल)को तेस्रो वार्षिक उत्सव कार्यक्रममा प्रमुख अतिथिका रूपमा सहभागी हुनु भयो ।

सो ल्याब्रोटरीले आगामी २०७४ सालबाट प्रदेश नम्बर ४ मा स्वास्थ्यसम्बन्धी बिटमा क्रियाशील एक पत्रकारलाई १५ हजार रूपैयाँ र ताम्रपत्रसहितको युआरएल पत्रकारिता पुरस्कार प्रदान गरिने घोषणा गरियो ।

सो ल्याब्रोरेटरीलाई सहयोग गर्ने विभिन्न व्यक्तहरूलाई प्रशंसापत्र प्रदान गर्दै कुलपति सरूभक्तले युआरएल पत्रकारिता पुरस्कारको स्थापना गरिनु सराहनीय कार्य भएको बताउनु भयो । वाङ्मय र स्वास्थ्य क्षेत्रको निकट सम्बन्ध रहेको बताउँदै उहाँले पोखरामा अन्तर्राष्ट्रिय स्तरको प्रयोगशाला स्थापना गरी उच्चस्तरको सेवा दिनु प्रशंसनीय कार्य हो भन्नु भयो । उहाँले स्वास्थ्य क्षेत्रमा काम गर्नेहरू जिम्मेवार र सेवा भावबाट निर्देशित हुनुपर्ने सुझाव दिनुभयो। सो कार्यक्रममा पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालयका निर्देशक डा. तारानाथ पौडेल, युआरएलका निर्देशक सुशील थापा, वरिष्ठ फिजिसियन डा. मुकुन्दप्रसाद आचार्य, नेपाल मधुमेह समाज कास्कीका अध्यक्ष कृष्णप्रसाद बराल, मार्फा थकाली सेवा समितिका पूर्वअध्यक्ष नरेन्द्र लालचन, युआरएलका प्रबन्ध निर्देशक ठाकुरप्रसाद पन्तलगायतले बोल्नु भएको थियो ।

# कुलपति सरूभक्तद्वारा पञ्चरत्न स्रष्टा सम्मान प्रदान

पोखरा। नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ (सरूभक्त) गत ८ भदौ २०७३ मा सम्पदा कला मन्दिर नेपालले पोखरामा आयोजना गरेको पञ्चरत्न स्रष्टा सम्मान साँझ तथा विविध सांस्कृतिक कार्यक्रम-२०७३ मा प्रमुख अतिथि रहनु भयो। सो समारोहमा कुलपति सरूभक्तले आयोजक संस्थाका तर्फबाट गायिका देविका बन्दना, गायक कर्णदास, कवि दुर्गाबहादुर शाह बाबा, गीतकार सुमन श्रापित र कवि हनिफ मियाँलाई सम्मान प्रदान गर्नु भयो ।

विविध सांगीतिक कार्यक्रमका साथ भएको कार्यक्रममा कुलपति सरूभक्तले सम्पदाको कार्यक्रमले स्रष्टासहित देशलाई पनि चिनाउन मद्दत पुऱ्याउने विश्वास व्यक्त गर्नु भयो । उहाँले नेपाली कला वाङ्मयको क्षेत्रमा सम्पदाले यसरी कार्यक्रम गरेर स्रष्टालाई सम्मान गर्ने विषयले अभावको पूर्ति गरेको छ भन्नु भयो ।

सम्मानित व्यक्तित्व गायिका देविका बन्दना, गायक कर्णदास, कवि दुर्गाबहादुर शाह बाबा, युवास्रष्टा सुमन श्रापित र लोककवि अलिमियाँ प्रतिष्ठानका अध्यक्षसमेत रहेका हनिफ मियाँले सम्मानले प्रेरणा थपेको बताउनु भएको थियो ।

गायक कर्णदासले आफ्ना चर्चित गीत सुनाउनु भयो। यस्तै, गायिका देविका बन्दना, संगीतकार बीबी अनुरागी, गायक रामभक्त जोजिजु, इतु जोजिजु, विनित जोजिजु, कमला सुनार, एनजे सागर, जुना क्षेत्री, अम्बिका राणा, सुरज आचार्य, देशभक्तसिंह कुँवरले पनि आफ्ना गीतसंगीतबाट दर्शकको मन जित्नु भयो। वविता तामाङ, प्रेमिका तामाङ, मुमताज कुँवर, गरिमा शर्मालगायतको नृत्य पनि कार्यक्रमको आकर्षक बनेको थियो ।

संस्थाका अध्यक्ष देशभक्तसिंह कुँवरले सम्बन्धित स्रस्टाको प्रोत्साहनका लागि सम्मान गरिएको जानकारी दिनु भयो । 'स्रष्टाहरूको उत्थान एवं सम्मानका लागि एक मात्र मन्दिर-सम्पदा कला मन्दिर' भन्ने मूलमन्त्रका साथ २०६५ सालमा संस्था स्थापित भएको उहाँले बताउनु भयो । यो संस्थाले संगीत, कला, साहित्यमा योगदान पुऱ्याएका देशका विभिन्न ठाउँका व्यक्तिलाई सामूहिक सम्मान गर्दैआएको पनि उहाँले जानकारी गराउनु भयो ।

यस्तै, संस्थाका सल्लाहकार तोयनाथ लामिछानेले कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नु भयो । संस्थाका महासचिव विजय नेपालले संस्थाका अहिलेसम्मका कामबारे बताउनु भयो ।



# कुलपतिद्वारा गीतकार पुरस्कार प्रदान

काठमाडौं । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ (सरूभक्त) ले गीतकार संघ नेपालद्वारा गत १४ साउन २०७३ मा काठमाडौंमा आयोजित वर्ष पुरस्कार र वर्ष गीत सम्मान प्रदान गर्नु भएको छ ।

कुलपति सरूभक्तले सो कार्यक्रममा धोका दिने निर्मोहीको...गीतबाट गीतकार दिलीप पियालाई 'वर्ष गीत-२०७२' पुरस्कार र गीतकार जीवन मुकारूङलाई उनको गीति पुस्तक 'जीवनका लागि गीत'बाट वर्ष गीत पुस्तक पुरस्कार प्रदान गर्नु भयो । पिया र मुकारूङलाई जनही ५१ हजार रूपैयाँ र ताम्रपत्रसहितको यो पुरस्कार प्रदान गर्नु भएको हो ।

कुलपति सरूभक्तले सोही कार्यक्रममा अग्रज गीतकार भैरवनाथ रिमाल 'कदम'लाई संघका तर्फबाट 'राष्ट्रिय स्रष्टा सम्मान-२०७२' स्वरूप दोसल्ला ओढाएर तम्रपत्र र एक लाख रूपैयाँ प्रदान गर्नु भयो । सो कार्यक्रममा यस प्रतिष्ठानका उपकुलपति शम्भुजीत बासकोटा पनि विशेष अतिथि हुनुहुन्थ्यो । वर्ष गीत घोषणा गर्नुअघि कार्यक्रममा यो वर्ष मनोनयनमा परेका उत्कृष्ट १० गीतको भिडियो सर्वाजनिक गरिएको थियो । कूलपति सरूभक्तले मौलिक नेपाली गीत संगीत सिर्जना र संरक्षणतर्फ ध्यान आकर्षण गराउँदै पुरस्कार दिएर गीतकार संघले गीतकारहरूको हौसला बढाउने काम गरेको बताउनु भयो । उहाँले गीतले जीवनका ढुकढुकी र जगतका बिम्व प्रतिविम्बलाई समेट्ने भएकाले यसबारे गहन अध्ययन हुनुपर्ने सुझाब दिनु भयो । कार्यक्रममा गीतकार संघ नेपालका अध्यक्ष योगन्द्रमणि दाहाल, गीतकार चुडामणि देवकोटा, गीतकार पियालगायतले बोल्नु भएको थियो ।

## कुलपतिद्वारा बालुन नृत्य अवलोकन



पाल्पा । गत १६ पुसमा पाल्पाको रामपुरमा श्री धर्मोदय दशावतार बालुन संस्कृति समूहको साधारण सभा तथा प्रथम अधिवेशन सम्पन्न भयो । यस नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ (सरूभक्त) को प्रमुख आतिथ्यमा आयोजित सो अधिवेशनको उद्घाटन मालनाच नृत्यबाट गरिएको थियो ।

अविधेशनसँगै आयोजित बालुन नृत्य प्रस्तुतिमा रामपुर पाल्पाका विश्वकर्मा समुदायले कृष्णचरित्रमा आधारित नचरी नृत्य र बालुन प्रस्तुत गरे । सो नृत्य निकै आकर्षक थियो । यस्तै कार्यक्रममा बृत्तसी नृत्य नाटक, मारूनी नृत्य, विभिन्न बालुन नृत्य प्रस्तुत गरिएको थियो । प्रतिष्ठानका कुलपति सरूभक्तले ती विभिन्न नृत्यहरूको अवलोकन गर्नु भएको थियो ।

विशेष अतिथिका रूपमा कुलपति सरूभक्तले सम्बोधन गर्दै नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले लोपोन्मुख लोकनाटक, लोकनृत्यको जगेर्ना गर्नु प्रमुख कार्य भएको बताउनुभयो । बालुनलगायत लोकनृत्य संरक्षणको विशेष योजनाहरू प्रतिष्ठानले बनाउने पनि उहाँले बताउनुभयो ।

सो सभाका विशेष अतिथि प्रा.डा. कुशुमाकर न्यौपानेले कार्यक्रममा नेपाली लोक साहित्यबारे प्रकाश पार्नु भयो । यस्तै, अर्का विशेष अतिथि डा.लक्ष्मीशरण उपाध्यायले लोकनृत्यबारे आफ्ना भनाइ राख्नु भयो । सो समूह र त्यहाँको बालन नाचबारे श्री धर्मोदय दशावतार बालन संस्कृति समूहका अध्यक्ष लक्ष्मीचन्द्र पंगेनीले जानकारी गराउनु भयो । समूहका सचिव दुर्गाप्रसाद भट्टराईले कार्यक्रमबारे जानकारी गराउँदै स्वागत गर्नु भएको थियो । उद्घाटनपछि सो सभामा लोक साहित्य गोष्ठी, रचना बाचनलगायतका कार्यक्रम प्रस्तुत गरिएको थियो ।




# कुलपतिले शिलान्यास गर्नु भयो आरम्भ थिएटर

काठमाडौं । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ (सरूभक्त)ले प्रमुख अतिथिको रूपमा गत २५ पुस २०७३ बिहान धरान उपमहानगरपालिका वडा नं. २१ खैरेनीटारको देविगाउँ नजिक आरम्भ थिएटरको शिलान्यास गर्नु भयो। हिन्दू, बौद्ध र किरात गुरूहरूले आफ्नो धार्मिक रीतिअनुसार सामूहिक पूजा गरेर सो थिएटरको जग खन्ने काम शुभारम्भ गरेका थिए ।

सोही दिन दिउँसो धरान सभागृहमा कुलपति सरूभक्तले पानसमा बत्ती बालेर आरम्भ नाट्य डबलीको शुभारम्भ गर्नु भयो । कार्यक्रममा कुलपति सरूभक्तले आरम्भ थिएटर परिवारलाई शुभकामना दिँदै सो थिएटरलाई आफूहरूले सहयोग गर्ने भनाइ राख्नु भयो । उहाँले आउँदा दिनहरूमा प्रतिष्ठानले मोफसलमा नाटक र रङ्गमञ्चमा सहकार्य गर्ने प्रतिबद्धता जनाउनु भयो ।

सो कार्यक्रममा विशेष अतिथि नाट्यकर्मी अशेष मल्लले आरम्भ नाट्य डबलीलाई शुभकामना दिँदै आफ्ना नाट्य अनुभव सुनाउनु भयो। धरानमा सुविधायुक्त नाटक घर आरम्भ थिएटर निर्माण गर्न लागिएको सो थिएटरका अध्यक्ष गोपाल देवानले बताउनु भयो ।

पहिला सक्रिय रहेर पनि फेरि सुस्ताएको आरम्भलाई अब निरन्तर सक्रियतापूर्वक अघि बढाउने पनि उहाँले जानकारी गराउनु भयो। सो डबलीमा देवानले आफ्नो एकल अभिनयमा नाटक 'अधुरो क्यानभास' मञ्चन गर्नु भएको थियो ।

# कुलपतिद्वारा 'कुलङ्गाकी आमा' विमोचन

काठमाडौं । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ (सरूभक्त)ले गत १८ मंसिर २०७३मा काठमाडौंमा आयोजित एक समरोहमा राजनीतिज्ञ तथा साहित्यकार दिनानाथ शर्माद्वारा लिखित निबन्ध संग्रह 'कुलङ्गाकी आमा' को विमोचन गर्नु भयो ।

बागलुङको दलित परिवारमा जन्मिएर दिनानाथ शर्मासँग माओवादी सशस्त्र युद्धकलामा योगदान पुऱ्याउनु भएका उमे कामीको संघर्षको कथा यो पुस्तकमा समेटिएको छ । कार्यक्रममा बोल्दै यस प्रतिष्ठानका कुलपति सरूभक्तले भन्नु भयो, 'राजनीतिक आग्रहमा लागेर कतिपय राम्रा लेखक बिग्रिएका उदाहरण पनि छन्, तर दिनानाथ शर्माले राजनीतिका विकृतिलाई पनि साहित्यका माध्यमबाट व्यक्त गर्न आफूलाई यो पुस्तकबाट सफल हुनु भएकाले त्यसलाई स्वागत गर्नु पर्छ ।' सो पुस्तकमा दलित समुदायसँगै गरिब र सर्वहारावर्गको आवाज सशक्त रूपमा शर्माले उठाउनु भएको पनि कुलपतिले बताउनु भयो ।

कार्यक्रममा लेखक शर्माले उमे कामीसँगको स्मरण सुनाउँदै उनीहरूको उत्थानको लागि पुस्तक लेखिएको बताउनु भयो । साझा प्रकाशनका अध्यक्ष तथा महाप्रबन्धक डोलिन्द्रप्रसाद शर्माले पनि सो पुस्तकबारे आफ्नो भनाइ राख्नु भएको थियो ।

# उपकुलपति बासकोटालाई इमेज लाइफ टाइम एचिभमेन्ट अवार्ड




काठमाडौं । यस नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका उपकुलपति एवं अग्रज सङ्गीतकार शम्भुजित बासकोटालाई इमेज च्यानलद्वारा टुबोर्ग इमेज म्युजिक 'लाइफ टाइम एचिभमेन्ट' अवार्ड-२०७३ बाट सम्मानित गरिएको छ ।

इमेज च्यानलले काठमाडौंको होटल सोल्टी क्राउन प्लाजामा गत ८ असोजमा आयोजना गरेको टुबोर्ग इमेज म्युजिक अवार्ड समारोहमा सो च्यानलका अध्यक्ष आरके मानन्धरलगायतले उपकुलपति बासकोटालाई इमेज म्युजिक 'लाइफ टाइम एचिभमेन्ट' अवार्ड-२०७३ बाट सम्मानित गर्नु भयो ।

उपकुलपति बासकोटालाई एक लाख रूपैयाँसहित दोसल्ला ओढाएर ताम्रपत्रबाट सम्मानित गरिएको थियो । उहाँको सम्मानस्वरूप उपकुलपति बासकोटाका विभिन्न कालजायी गीतहरू सो कार्यक्रममा प्रस्तुत गरिएको थियो । कार्यक्रममा विभिन्न कलाकारलाई पनि २०७३ सालको इमेज म्युजिक अवार्ड प्रदान गरियो ।

## भर्जिनियामा उपकुलपति बासकोटा अभिनन्दित

काठमाडौं । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका उपकुलपति शम्भुजीत बासकोटा अमेरिकाको भर्जिनियामा गत २७ अगस्टमा सम्पन्न 'तीज महोत्सव, अमेरिका-२०१६' मा अभिनन्दित हुनु भएको छ । सो कार्यक्रममा त्यहाँका आधा दर्जन संघ संस्थाले उहाँलाई 'लाइफ टाइम एचिभमेन्ट' अवार्डबाट अभिनन्दित गरिएको हो ।

नेपाली दूतावास अमेरिकाको प्रत्यक्ष साथ र समन्वयमा अन्तर्राष्ट्रिय कलाकार मञ्च (आईएएफ) अमेरिका, सोसाइटी अफ अमेरिका नेपलिज नर्सेस (सान) अमेरिका, अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (आईएनएलएस), वासिंगटन डिसी मेट्रो कमिटी अमेरिका र अमेरिका नेपाल टेलिभिजन (एनएनटिभी) ले तीज महोत्सव, अमेरिका-२०१६ मा उपकुलपति बासकोटालाई संयुक्त रूपमा 'लाइफ टाइम एचिभमेन्ट' अवार्डबाट अभिनन्दित गरेको हो ।

उपकुलपतिले नेपाली सङ्गीत र चलचित्र क्षेत्रमा पुऱ्याउनु भएको योगदानबारे सो कार्यक्रममा अन्तर्राष्ट्रिय कलाकार मञ्च (आईएएफ) अमेरिकाका अध्यक्ष रामप्रसाद खनाल, सोसाइटी अफ अमेरिका नेपलिज नर्सेस (सान) अमेरिकाकी अध्यक्ष मञ्जु कार्की संग्रौला, अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (आईएनएलएस डिसी) का सदस्य सचिव भुपनारायण घर्तीमगर, अमेरिका नेपाल टेलिभिजन (एनएनटिभी) का अध्यक्ष हेमन्त श्रेष्ठले चर्चा गर्नु भएको थियो ।

अमेरिकामा रहनु भएका नेपाली दाजुभाइ दिदीबहिनीहरूले गर्नु भएको सो अभिनन्दले आफूलाई सङ्गीत क्षेत्रमा थप काम गर्न हौसला मिलेको उपकुलपति बासकोटाले बताउनु भयो । सो कार्यक्रममा सहभागी अतिथिहरूको अनुरोधमा उपकुलपति बासकोटाले आफ्ना केही चर्चित गीतहरू गाउनु हुँदा तीज महोत्सवमा सहभागी दाजुभाइ तथा दिदीबहिनीहरू छमछमी नाच्नु भएको थियो ।

## न्युजर्सीमा 'लाइफ टाइम एचिभमेन्ट' अवार्डबाट उपकुलपति सम्मानित

काठमाडौं । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका उपकुलपति शम्भुजीत बासकोटालाई गैर आवासीय नेपाली संस्था एनआरएनए आईसीसी र एनआरएनए-एनसिसी अमेरिकाले 'लाइफ टाइम एचिभमेन्ट' अवार्डबाट अभिनन्दित गरेको छ ।

न्युजर्सी अमेरिकामा गत २७ र २८ अगस्टमा सम्पन्न यी दुवै संस्थाको नवौं रेजिनल कन्फ्रेन्सको दोस्रो दिन २८ तारिखमा

गैरआवासीय नेपाली संस्था (एनआरएनए) का केन्द्रीय अध्यक्ष शेष घले एवं सो कार्यक्रमका प्रमुख अतिथि संविधान सभाका पूर्वअध्यक्ष सुवासचन्द्र नेम्वाङले उपकुलपति बासकोटालाई संयुक्त रूपमा सो अवार्ड प्रदान गर्नु भएको हो ।

उहाँलाई अभिनन्दित गर्ने संस्था एनआरएनए आईसीसी तथा सो कन्फ्रेन्सका संयोजक सोनाम लामा र एनआरएनए-एनसिसी युएसएका अध्यक्ष डा. केशव पौडेलले नेपाली सङ्गीत क्षेत्रमा उपकुलपति बासकोटाले पुऱ्याउनु भएको योगदानको चर्चा गर्नुभयो ।

सो कन्फ्रेन्समा अभिनेता राजेश हमालसहित विभिन्न नेपाली कलाकारहरू पनि अतिथि हुनुहुन्थ्यो । विशिष्ट अतिथिहरूको विशेष आग्रहमा उपकुलपति बासकोटाले चर्चित गीत राटो टीका निधारमा टलक्क टल्कियो...गाउनु हुँदा सो गीतमा अभिनेता राजेश हमाल छमछमी नाच्नु भएको थियो । यस्तै, सो अभिनन्दन कार्यक्रममा गायक प्रमोद खरेल, यम बराल, गायिका नलिना चित्रकारले आफ्ना चर्चित गीतहरू प्रस्तुत गर्नु भएको थियो ।

## उपकुलपति बासकोटालाई इटहरीमा अभिनन्दन




सुनसरी । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका उपकुलपति शम्भुजीत बासकोटालाई सुनसरीको इटहरीमा नागरिक अभिनन्दन गरिएको छ ।

गत १२ कात्तिक २०७३ मा सुनसरीको इटहरी बजारमा भव्य समारोहबीच उपकुलपति बासकोटालाई इटहरी ढुवानी व्यवसायी संघ इटहरीबाट नागरिक अभिनन्दन पत्रबाट अभिनन्दित गरियो । विगत चार दशकदेखि नेपाली सङ्गीत क्षेत्रमा निरन्तर योगदान पुऱ्याएको भन्दै उपकुलपति बासकोटालाई इटहरी ढुवानी ब्यवसायी संघद्वारा अभिनन्दन गरिएको अभिनन्द पत्रमा उल्लेख थियो । सो संघका अध्यक्ष महाराम विश्वास, संघका सचिव केशव गिरी र सो कार्यक्रम संयोजक समीपराज पोखरेलले नागरिक अभिनन्दन गर्नु भएको हो ।

उपकुलपति बासकोटालाई सोही कार्यक्रममा राष्ट्रिय जागृत क्लब इटहरी सुनसरीका तर्फबाट संयुक्त अभिनन्दन गरियो । नेपाली सङ्गीत क्षेत्रमा चार दशकदेखि निरन्तर क्रियाशिल रहनु भएका बासकोटा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको उकपुलपति भएर सो प्रतिष्ठानद्वारा सङ्गीत नाट्यको विकासमा निरन्तर लागिएको भन्दै उहाँलाई अभिनन्दन गरिएको सो अभिनन्दन पत्रमा उल्लेख थियो । सो क्लबका सभापति सञ्जीव ढुंगाना, सचिव सन्तबहादुर डुम्जन र कार्यक्रम संयोजक बासुदेव श्रेष्ठसहितले उपकुलपति बासकोटालाई अभिनन्दन गर्नु भयो ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका प्राज्ञ सभा सदस्य प्राज्ञ राम धामीले सो कार्यक्रममा नेपाली सङ्गीत क्षेत्रमा उपकुलपति बासकोटाको योगादनबारे प्रकाश पार्नु भएको थियो ।

उपकुलपति बासकोटाले आफूलाई यसरी अभिनन्दित गरिएकोमा इटहरी ढुवानी संघका अध्यक्ष महाराम विश्वास, सचिव केशव गिरी, कार्यक्रम संयोजक समीपराज पोखरेल, त्यस्तै जागृत क्लब इटहरीका सभापति सञ्जीव ढुंगाना, सचिव सन्तबहादुर डुम्जन, कार्यक्रम संयोजक बासुदेब श्रेष्ठसहित दुवै संस्थाका सबै पदाधिकारीप्रति कृतज्ञता व्यक्त गर्नु भयो । नेपाली सङ्गीत तथा नाट्य क्षेत्रको विकाशका लागि सो क्लबको लामो समयदेखि योगदान रहेको उपकुलपति बासकोटाले बताउनु भयो ।

सो अभिनन्दनका लागि आफूलाई निम्ता गर्नुहुने प्राज्ञ राम धामी, साधना सङ्गीत प्रतिष्ठानका महासचिव एवं सङ्गीतकार राजु केसीलाई पनि उहाँले धन्यवाद ज्ञापन गर्नु भयो । सोही कार्यक्रममा आयोजित नृत्य प्रतियोगिताका विजेताहरूलाई उपकुलपति बासकोटाले बधाईसहित ट्रफी र प्रमाणपत्र प्रदान गर्नु भयो ।

## ग्लोबल नेपाली फिल्म 'एचिभमेन्ट अवार्ड' बाट उपकुलपति सम्मानित

काठमाडौं । यस नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका उपकुलपति शम्भुजीत बासकोटा 'खुम्बु कोल्स ग्लोबल नेपाली फिल्म एचिभमेन्ट अवार्ड युएसए-२०१६' बाट सम्मानित हुनु भएको छ ।

गत नोभेम्बर सन २०१६ मा अमेरिकाको कोलोराडो डनेबर्गमा आयोजित ग्लोबल नेपाली फिल्म अवार्ड समारोहमा उपकुलपति बासकोटालाई कार्यक्रमका विबशेष अतिथि कोलोराडोका मेयर र प्रमुख अतिथि एवं पूर्वसञ्चारमन्त्री डा. मिनेन्द्र रिजालले सो अवार्डबाट सम्मानित गर्नु भएको हो ।



नेपाली गीत सङ्गीत तथा चलचित्र क्षेत्रमा विगत चार दशकदेखि निरन्तर योगदान पुऱ्याएको भन्दै उहाँलाई सम्मानित गरिएको सो कार्यक्रमको नेपाल संयोजक संस्था नेपाल फिल्म सोसाइटीका अध्यक्ष एवं कलाकार कृष्ण मल्लले बताउनु भयो । कार्यक्रममा विभिन्न नेपाली चलचित्रकर्मी, सङ्गीतकर्मी तथा कलाकारलाई ग्लोबल अवार्ड प्रदान गरिएको थियो । अमेरिका नेपाल टेलिभिजन (एएनटिभी) र बिआरटी नेपाल डटकमद्वारा आयोजित सो अवार्डको संयोजक अभिनेता तथा एएनटिभीका सञ्चालक नवराज श्रेष्ठ हुनुहुन्थ्यो ।



# सदस्य सचिव रसिकद्वारा नारायण गोपाल स्मृति मार्ग उद्घाटन

झापा । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव गणेश रसिकको प्रमुख आतिथ्यमा गत १९ मंसिर २०७३ मा झापाको विर्तामोडमा २६ औं नारायण गोपाल स्मृति दिवस मनाइयो ।

सोही क्रममा सदस्य सचिव रसिकले नारायण गोपाल स्मृति मार्गको उद्घाटन गर्नु भयो । विर्तामोड नगरपालिका वडा नं. ९ सैनिक मोडबाट अघि एक किलोमिटर सडकलाई नारायण गोपाल स्मृति मार्ग नामाकरण गरिएको नारायण गोपाल स्मृति प्रतिष्ठान झापाका अध्यक्ष मोहन शिवाकोटीले बताउनु भयो ।

यसै वर्ष स्थापना भएको नारायण गोपाल स्मृति प्रतिष्ठान झापाले सो स्मृति दिवसको अवसरमा सोही दिन विर्तामोडमा नारायण गोपाल स्मृति सांगीतिक साँझ कार्यक्रम आयोजना गरेको थियो ।

सो कार्यक्रममा प्रमुख आतिथि सदस्य सचिव रसिकले स्वरसम्राट नारायण गोपालको तस्बिरमा माल्यार्पण गर्दै श्रद्धासुमन व्यक्त गर्नु भयो ।

सो स्मृति प्रतिष्ठानका अध्यक्ष शिवाकोटीले जग्गा दिने दाताहरूको खोजी भइरहेकाले जग्गा पाउना साथ चाँडै प्रतिष्ठानको भवन बनाउने जानकारी गराउनु भयो । विगतमा पनि हरेक वर्ष १९ मंसिरमा नारायण गोपालको स्मृतिमा आफूहरूले सांगीतिक साँझ गर्दै आएको पनि उहाँले जानकारी गराउनु भयो ।

यस प्रतिष्ठानका सदस्य सचिव रसिकले नेपाली संगीत क्षेत्रमा नारायण गोपाल पुरूष हस्ती संगीतकार हुनुहुन्थ्यो भन्दै स्वरसम्राटले पुऱ्याउनु भएको योगदानबारे चर्चा गर्नु भयो । स्वरसम्राटको स्मृतिमा झापामा प्रतिष्ठान स्थापना गर्नु सराहनीय कार्य भएको बताउँदै उहाँको सम्मानमा कार्यक्रम गर्नु राम्रो हो भन्नु भयो ।

स्वरसम्राट स्मृति दिवसको अवसरमा सो स्मृति प्रतिष्ठानले नारायण गोपालको गीत गायन प्रतियोगिता गरेको थियो । झापाका प्रतिभाहरूबीच भएको सो प्रतियोगितामा प्रतिस्पर्धीले नारायण गोपालका गीत गाए । जसमध्यबाट दुर्गाप्रसाद ओलीले प्रथम हुँदै १० हजार रूपैयाँ, अस्मिता शिवाकोटीले द्वितीय हुँदै सात हजार रूपैयाँ र रोशन खरेलले तृतीय हुँदै पाँच हजार रूपैयाँ जित्नु भयो । विजेता कलाकारलाई यस प्रतिष्ठानका सदस्य सचिव रसिकले प्रमाणपत्र प्रदान गर्नु भएको थियो । मृगौला पीडित स्थानीय पत्रकार भूपेन राईलाई सोही कार्यक्रममा सो स्मृति प्रतिष्ठानका तर्फबाट सदस्य सचिव रसिकले १० हजार एक रूपैयाँ सहयोग प्रदान गर्नु भयो ।

सो स्मृति साँझका अर्का अतिथि गायक कुवेर राईले नारायण गोपालबारे आफ्ना भनाइ राख्नु भयो । सो साँझ स्वरसम्राट प्रति समर्पण गर्दै गायक राईले नारायण गोपालका १४ ओटा गीत कार्यक्रममा प्रस्तुत गर्नु भयो । उहाँको करिब डेढ घन्टाको प्रस्तुतिमा रम्दै स्थानीय संगीतप्रेमीहरूले निरन्तर राईलाई तालीले साथ दिए ।



# दिवँगत कलाकारहरू

## रहनु भएन वारि जमुना पारि जमुनाका गायक खेमराज

काठमाडौं । चर्चित गीत वारि जमुना पारि जमुना...का गायक खेमराज गुरूङलाई हामीले गत भदौमा गुमायौं । केही समयदेखि जन्डिसको सिकार भएपछि काठमाडौंको चाबहिलस्थित मेडिकेयर अस्पतालमा उपचारका क्रममा ४३ वर्षको उमेरमा उहाँको ९ भदौ साँझ ५:५० बजे निधन भएको हो ।

जन्डिसले गाँजेपछि उहाँलाई गत साउन ३० मै सो अस्पतालमा भर्ना गरिएको थियो । उहाँको स्वास्थ्य बिग्रिँदै गएपछि उनलाई आईसीयूमा राखेर चपचार सुरू गरिएको थियो । तर पनि चिकित्सकहरूले बचाउन सकेनन् । संखुवासभामा ४३ वर्षअघि जन्मेका गुरूङ पछिल्लो समय काठमाडौंको धुम्बराहीमा बस्दै आउनु भएको थियो । दिवंगत गायक गुरूङका श्रीमती र दुई छोरा छन् ।



अढाई दशकदेखि गायनमा क्रियाशील गुरूङका वारि जमुना पारि जमुना..., आलुतामाले...लगायतका एक सयभन्दा बढी चर्चित गीत छन् । जसमध्ये वारि जमुना पारि जमुना...लोकभाकाले उहाँलाई चर्चाको शिखरमा पुर्‍याएको थियो । यो गीत उहाँको कालजायी लोकभाकाको रूपमा परिचित छ ।

यस्तै, आलुतामाले बुहारी ल्याउ भन्छिन्...गीतले पनि उहाँलाई चर्चित बनायो । उहाँ प्रायः सांगीतिक कार्यक्रममा देश विदेशमा पुग्दा वारि जमुना पारि जमुना...र आलुतामाले...गीतको बढी माग दर्शकबाट हुने गरेको थियो ।

गायक गुरूङले आफ्नो पहिलो गीतिसंग्रह जीवन ल्याउनु भएको थियो । जीवनको सफलतापछि गीतिसंग्रह जीवन-२ निकाल्नु भएको थियो । त्यसपछि अनमोल, धरान-पोखरा, सोल्टी, आलुतामा, ढाक्रे र घुमफिर गरी आठओटा एकल गीतिसंग्रह स्रोतामाझ उहाँले ल्याउनु भएको थियो ।

## गायक सुनिल बर्देवा रहनु भएन

काठमाडौं । गायक, सङ्गीतकार तथा सङ्गीत संयोजक सुनिल बर्देवालाई हामीले यो वर्ष गुमायौं । ४२ वर्षको उमेरमा गत २८ भदौ बेलुका ८:४५ बजे उहाँको निधन भएको हो । जन्डिसबाट पीडित रहनु भएको बर्देवाले अचानक रगत बान्ता गरेपछि २८ भदौ बिहान महाराजगन्जस्थित त्रिविवि शिक्षण अस्पतालमा उपचारका लागि भर्ना गरिएको थियो । उपचारकै क्रममा उहाँको निधन भएको हो ।

अन्तिम श्रद्धाञ्जलीका लागि उनको पार्थीव शरीर २९ भदौ दिउँसो कमलादीस्थित नेपाल प्रज्ञा प्रतिष्ठानको डबलीमा राखिएको थियो । नेपालका कुशल गिटारिस्ट रूपमा बर्देवा स्थापित हुनुभएकाले उहाँलाई श्रद्धाञ्जली दिन सङ्गीतसहकर्मीहरू गिटार बोकेर श्रद्धाञ्जली सभामा पुग्नु भएको थियो । कलाकार साथीहरूले सुनिलकै चर्चित गीत गोरेटो अनि उस्तै छ गल्ली, तिमी कतै बदलियौ कि...गाएर उहाँलाई अन्तिम बिदाइ गर्नु भयो । दिवंगत बर्देवाको २९ भदौ साँझ पशुपति आर्यघाटमा दाहसंस्कार गरियो । उहाँका दुई छोरी र एक छोरा छन् ।



दुई वर्षअघि पत्नीको निधन भएपछि उहाँ एक्लो जस्तै बन्नु भएको थियो । जसका कारण बर्देवा 'डिप्रेसन' का सिकारसमेत भएको थियो । पछि कलेजोको समस्याले जन्डिसका कारण उहाँको निधन भयो ।

१८ वर्षअघि सङ्गीत क्षेत्रमा लाग्नु भएका बर्देवा २०६० को दशकका सफल पपसङ्गीत संयोजकका रूपमा समेत लोकप्रिय हुनुहुन्थ्यो । उहाँ जति मिठो गीत गाउनुहुन्थ्यो, त्यत्तिकै मिठो सङ्गीत सिर्जना गर्नुहुन्थ्यो । नवीन के भट्टराई, निमा रूम्बा, कर्ण दास, दिपेशकिशोर भट्टराई, सुगम पोखरेल जस्ता थुप्रै पप कलाकारका गीतमा सुनिलकै सङ्गीत संयोजन रहने गर्दथ्यो ।

उहाँले आफ्नै स्वरमा पनि दर्जनौं गीत रेकर्ड गराउनु भएको थियो । सुनिलको गोरेटो अनि उस्तै छ गल्ली..., बिहानीमा अनि साँझमा..., जब म...जस्ता कैयौं गीतहरू चर्चित छन् । उहाँका जब म, मेरो गीतार, बेस्ट अफ सुनील बर्देवालगायतका गीति संग्रह स्रोतामाझ आइसकेका थिए । उहाँ आफैं गीतसमेत लेख्नुहुन्थ्यो ।

# गायक रूवी जोशी अब सम्झनामा

काठमाडौं । 'कान्छी मट्याङ ट्याङ...' सहित सैयौ गीतका गायक रूवी जोशी अब सम्झनामा मात्र सीमित हुनुहुन्छ । उहाँको ७३ वर्षको उमेरमा १० मंसिर २०७३ मा निधन भयो । दुवै मृगौला बिग्रिएपछि उपचार गराउँदै आउनु भएका गायक जोशीको १० मंसिर दिउँसो उपचारकै क्रममा पुल्चोकस्थित निदान अस्पतालमा निधन भएको थियो ।

उहाँ विगत दुई वर्षदेखि मृगौलासम्बन्धी समस्याबाट पीडित हुनुहुन्थ्यो । निधन भएकै दिन बेलुका उहाँको आर्यघाटमा अन्तिम श्रद्धाञ्जली कार्यक्रम राखिएको थियो ।

आर्यघाट पुगेर विभिन्न संगीतकर्मीद्वारा उहाँलाई अन्तिम श्रद्धाञ्जली दिइयो । त्यसपछि उहाँको अन्तिम संस्कार गरियो । गायक जोशीको परिवारमा श्रीमती र एक छोरा छन् ।

नेपाली सुगम संगीतका कालजायी स्रष्टाका रूपमा परिचित गायक जोशीले



थोरै गीत गाउनु भएको छ । तर उहाँका गीतहरू आफ्नो समयमा चर्चित रहे । उहाँको स्वरमा करिब दुई सयओटा गीत रेकर्ड भएका छन् ।

२००० सालमा काठमाडौंका डिल्लीबजारमा जन्मिनु भएका उहाँ आफ्ना समकक्षी कलाकारहरू प्रेमध्वज प्रधान, योगेश वैद्य, नारायण गोपाल, तारादेवीहरूसँगै गायनमा आउनु भएको थियो । जीवनका प्रारम्भिक कालखण्डमा गायनमा चम्किए पनि ४० को दशकदेखि वित्तीय, बैंकिङ र अन्य सेवा एवं व्यवसायमा व्यस्त बन्नु भएको थियो ।

गायक जोशीले उकाली ज्यानको त्यो चिसो पानी, कान्छी मट्याङ ट्याङ...,शीतलुमाथि नि शीतलु भयो नि..., मैले जस्तै तिमीले पनि माया दिई हेर..., तिम्रो पनि माया लाग्छ..., मैले आमा भनेर.. जस्ता दर्जनौं हिट गाउनु भएको थियो । 'रूवी जोशी हिट' सहित उहाँका एक दर्जन एल्बम बजारमा आएका छन् ।

# कलाकार आरपी भट्टराईको निधन

काठमाडौं । गायक, नाट्यकर्मी एवं हाँस्य कलाकार रूद्रप्रसाद (आरपी) भट्टराईको हृदयघातबाट गत २४ मंसिरमा निधन भएको छ । विराटनगर ४ स्थित फुपूको घरमा सुतेको अवस्थामा आरपीलाई बिहान मृत भेटिएका थियो । उहाँ ४१ वर्षको हुनुहुन्थ्यो ।

पारीवारिक स्रोतका अनुसार आरपी सुगर र प्रेसरको रोगबाट पीडित हुनुहुन्थ्यो । सोही दिन बेलुका उहाँको स्थानीय सिंघियाघाटमा अन्त्येष्टि गरियो । आमा, श्रीमती र दुई छोरासहित आरपी करिब डेढ दशकदेखि काठमाडौं बस्दै आउनु भएको थियो । हास्य शृंखला तीतोसत्यमा 'लादालाम हो मेरो नाम, इन्दिनियर हो मेलो काम...' भनेर संवाद बोल्ने उहाँ यी शृंखलाबाट लादालामका रूपमा चर्चित हुनु भएको थियो ।

उहाँ अभिनयसँगै कुशल गायक पनि हुनुहुन्थ्यो । यसअघि उहाँले दुईओटा एकल स्वरको गीतिसंग्रह पनि निकाली सक्नु भएको थियो । भट्टराईको माली गाईको घिउ...चर्चित गीत हो । उहाँले आफ्नो स्वरमा दुई दर्जन



गीत रेकर्ड गराउनु भएको थियो । जसमा आधुनिक, लोकपप, पप र हास्य शैलीका गीतहरू रहेका छन् । हास्य कलाकारका रूपमा परिचित आरपी संस्कृतिक संस्थानमा कार्यरत हुनुहुन्थ्यो । संस्थानका तर्फबाट उहाँले देश विदेश गएर नाटक, हास्य व्यंग्य प्रस्तुति तथा गीत संगीत प्रस्तुत गर्दै आउनु भएको थियो ।

# गायक मधुबाबुको निधन

काठमाडौं । लोक तथा आधुनिक गायक मधुबाबु थापाको गत ७ पुस बिहीबार दिउँसो १२ बजे ६३ वर्षको उमेरमा काठमाडौंको मोडल अस्पतालमा निधन भयो । रेडियो नेपालको सो दिन बिहानी सत्रको काम सकेर घर आउनु भएका थापा अनामनगरस्थित आफ्नै बासस्थानको बाथरूममा लडेर गम्भीर घाइते हुनु भएको थियो । तत्कालै काठमाडौं मोडल अस्पताल भर्ना गरिएको उहाँको उपचारको क्रममा निधन भएको हो ।

उहाँको पार्थिव शरीरलाई अन्तिम श्रद्धाञ्जलीका लागि ८ पुस बिहान नेपाल प्रज्ञा प्रतिष्ठान कमलादीको डबलीमा राखिएको थियो । श्रद्धाञ्जलीपछि सोही दिन दिउँसो उहाँको पशुपति आर्यघाटमा अन्तिम संस्कार गरियो ।

दाङको धर्नामा २०१० सालमा जन्मिनु भएका मधुबाबुले सयौं लोकगीत गाउनु भएको थियो । उहाँले आधुनिक गीत र भजन पनि गाउनु भएको थियो । उहाँ स्कुले जीवनदेखि नै लोकगीतमा आकर्षित हुनुहुन्थ्यो । उहाँ लोक गायकका साथै लोकभाका संकलकका रूपमा समेत परिचित हुनुहुन्थ्यो ।

लोकसँगै शास्त्रीय संगीतमा सफलता हासिल गर्नुभएका थापाले शास्त्रीय संगीतमा इलाहावाद भारतबाट संगीत प्रभाकर गर्नु भएको थियो । उहाँ विगत चार दशकदेखि नेपाली संगीत क्षेत्रका क्रियाशील हुनुहुन्थ्यो । कलाकार थापाका भैगो हजुर मायाजाल नबुन..., घोराही बजारैमा.. जस्ता कैयौ चर्चित गीतहरू छन् ।



# चर्चित र्‍यापर यम बुद्ध दिवंगत



काठमाडौं । युवा गायक एवं चर्चित र्‍यापर यम बुद्धको गत १ माघमा निधन भयो । उहाँको वास्तविक नाम अनिल अधिकारी थियो । केही समय यताबाट लन्डनमा बस्दै आउनु भएका उहाँलाई आफूले बसोबास गर्दै आएको घरको बाथरूममा १ माघमा मृत अवस्थामा भेटिएको हो ।


लन्डनको नर्थ होल्डस्थित निवासमा उहाँ पत्नीसहित बस्दै आउनु भएको थियो । २९ वर्षीय गायक यम बुद्धलाई १ माघ बिहान ६ बजेर १० मिनेट जाँदा मृत अवस्थामा फेला पारिएको उहाँको परिवारजनले जानकारी गरायो । उहाँले आत्महत्या गरेको परिवारका सदस्यले पुष्टि गरेको बीबीसी नेपाली समाचारले उल्लेख गरेको थियो ।

स्थानीय नर्थविक पार्क हस्पिटल ह्यारोमा उहाँको शवको पोस्टमार्टम गरियो । प्रारम्भिक छानबिनमा आत्महत्या भनिए पनि मृत्युको कारण प्रहरीले प्रस्ट पार्न सकेको थिएन । निधन भएको केही दिनमै उहाँको नयाँ गीत सार्वजनिक गरिएको थियो ।

पारिवारिक चाहनाअनुसार युम बुद्धको पार्थिव शरीर गत १५ माघमा काठमाडौं ल्याइयो । सोही साँझ उहाँको नेपाल प्रज्ञा प्रतिष्ठान कमलादीको डबलीमा श्रद्धाञ्जली सभा आयोजना गरिएको थियो । त्यसपछि सोही दिन बेलुका उहाँको पशुपति आर्यघाटमा अन्तिम संस्कार गरियो ।

एक दशकदेखि गायनमा लाग्नु भएका अनिल अधिकारी (यम बुद्ध) नेपालका सर्वाधिक लोकप्रिय र्‍यापरका रूपमा स्थापित हुनुहुन्थ्यो । उहाँका सयभन्दा बढी र्‍यापगीतहरू चर्चित रहेको पारिवारिक स्रोतद्वारा जानकारी गराएको छ ।

# अब सम्झनामा कलाकार विष्णुभक्त फुयाँल



काठमाडौ । नाटक, चलचित्र तथा टेली चलचित्र क्षेत्रमा सबैले बा भनेर सम्बोधन गर्ने कलाकार बिष्णुभक्त फुयाँल हामीमाझ रहनु भएन । ५४ वर्ष लामो नाट्य यात्रासँगै रंगमञ्चमा काम गर्दागर्दै गत १९ पुस साँझ ६ बजेर १० मिनेट जाँदा ८० वर्षको उमेरमा उहाँको निधन भयो ।

१८ पुस सोमबारदेखि काठमाडौंको जमलस्थित सांस्कृतिक संस्थान राष्ट्रिय नाचघरमा बद्री अधिकारीको निर्देशनमा मञ्चन भएको नाटक 'महर्षि याज्ञवल्क्य' मा उहाँ अभिनय गर्दै हुनुहुन्थ्यो । १८ पुसझैं नाटकको दोस्रो दिन १९ पुस मंगलबार पनि उहाँ सो नाटकमा राजा जनकको भूमिकामा अभिनय गर्दै हुनुहुन्थ्यो । नाटक सकिन दुई दृश्य बाँकी थियो । बेलुका ५ बज्नै लाग्दा उहाँ ब्रम्हसभामा राजा जनक बनेर जोशिलो भावमा संवाद बोल्दै हुनुहुन्थ्यो । एक्कासि जिब्रो लर्बरियो र उहाँ स्टेजमा ढल्नु भयो । तत्कालै उहाँलाई सांस्कृतिक संस्थानका महाप्रबन्धक राजेश थापाले आफ्नै गाडीमा राखेर नजिकको वीर अस्पताल पुऱ्याउनु भयो । त्यहाँ डक्टरले उहाँको हृदयघातबाट मृत्यु भएको घोषणा गरे ।

उहाँको पार्थिव शरीरलाई श्रद्धाञ्जलीका लागि २० पुस बिहान ११ बजेबाट २:३० बजेसम्म कमलादीस्थित नेपाल प्रज्ञा प्रतिष्ठानको डबलीमा राखिएको थियो । पूर्वप्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष केपी शर्माले ओली, पूर्वप्रधानमन्त्री एवं एमाले नेताहरू माधव नेपाल, झलनाथ खनाल, सहरी विकासमन्त्री अर्जुननरसिंह केसी, संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री जीवनबहादुर शाही प्रज्ञा भवन पुगेर उहाँप्रति श्रद्धासुमन व्यक्त गर्नु भएको थियो । यस्तै, एमाले सचिव प्रदिप ज्ञवाली, नेपाली कांग्रेसका नेताहरू रामचन्द्र पौडेल, पूर्वसञ्चारमन्त्री डा. मिनेन्द्र रिजाल, सांसद रामेश्वर फुयाँल पनि प्रज्ञा भवन पुगेर उहाँप्रति श्रद्धासुमन व्यक्त गर्नु भएको थियो ।

सो क्रममा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ (सरूभक्त), उपकुलपति शम्भुजीत बासकोटा, सदस्य सचिव गणेश रसिक, परिषद् सदस्यहरूहरू पुष्करबहादुर गुरूङ, रमेशरञ्जन झा, माधव प्रधान, उदय श्रेष्ठ, उन्नति बोहरा 'शिला', पवित्रा घर्तीमगरलगायतले कलाकार फुयाँलको शवमा फूलमाला चढाएर श्रद्धाञ्जली दिनु भयो ।

नेपाली नाट्य क्षेत्रका अग्रजदेखि नयाँ पुस्तासम्मका कलाकार, चलचित्र कलाकार, गायक, गायिका, सङ्गीतकार तथा शुभचिन्तकहरू समेत प्रज्ञा भवन डबली पुगेर नाट्यकर्मी फुयाँलप्रति श्रद्धाञ्जली अर्पण गरेका थिए । सोही दिन दिउँसो २:३० बजे प्रज्ञा भवन कमलादीबाट आर्यघाटसम्म शवयात्रापछि कलाकार फुयाँलको अपरान्ह पशुपति आर्यघाटमा अन्त्येष्टिगरियो । उहाँका तीन छोरा विमल, कमल र निर्मल र एक छोरी रहेका छन् ।

१९९४ भदौ २३ गते भक्तपुरमा जन्मिनु भएका फुयाँल उमेरले ८० पुगे पनि निधन भएको केही पलअघिसम्म रङ्गमञ्चमा सक्रिय हुनुहुन्थ्यो । उहाँले २०१९ सालमा नेवारी नाटक 'कर्माय भोग' मा पुरोहित र नायिका गरी दोहोरो भूमिकाबाट अभिनय यात्रा सुरू गर्नु भएको थियो । ५४ वर्ष लामो सो यात्रालाई रङ्गमञ्चबाटै सदाका लागि विश्राम लिनु भयो ।

नाट्य क्षेत्रमा काम गर्दा एउटै नाटकमा नायक, नायिका र वृद्धको तेहोरो भूमिकामा समेत उहाँले काम गर्नु भएको थियो । अभिनयसँगै नाटक निर्देशनसमेत गरेका उहाँले मुलुकका धेरैजसो जिल्लामा पुगेर नाटक मञ्चन गर्नु भयो । अग्रज पुस्ताका नाटक निर्देशक मुकुन्दकिशोर भट्टराईदेखि, सुनिल पोखरेल, बद्री अधिकारी, कृष्ण शाह यात्री हुँदै नयाँ पुस्ताका निर्देशकका नाटकमा समेत उहाँले अभिनय गर्नु भएको थियो । कलाकार फुयाँलले नाटकमा जति लामो योगदान दिनु भयो, आफ्नो अभिनयबाट नेपाली चलचित्र र टेली चलचित्र क्षेत्रमा पनि त्यत्तिकै योगदान पुऱ्याउनु भयो । दुई दर्जनभन्दा बढी चलचित्र र सयभन्दा बढी टेली चलचित्रमा अभिनय गर्नु भएको उहाँ हास्यव्यंग्य टेली शृंखला तितो सत्यमा 'यु आर माई लभ' पात्रका रूपमा वृद्धदेखि बालबालिकासम्म परिचित हुनुहुन्थ्यो ।

उहाँ राजनीतिक रूपमा पनि त्यत्तिकै सक्रिय हुनुहुन्थ्यो । पञ्चायतीकालमा वामपन्थी आन्दोनमा लागेका उहाँले २०४६ सालको आन्दोलनमा पञ्चायतविरूद्ध सडक नाटक मञ्चन गर्नु भएको थियो । यस्तै, २०६२/६३ को जनआन्दोलनमा पनि कलाकारका रूपमा सडकमा उत्रिएर उहाँले नाटक मञ्चनसहित विभिन्न कार्यक्रम गर्नु भएको थियो । जननाट्य मञ्चका संस्थापक अध्यक्षसमेत रहनु भएका उहाँले नेपालबाहिर पनि विभिन्न देशमा गएर नेपाली नाटक मञ्चन गर्नु भएको थियो ।

# सङ्गीत, नाटक र नृत्यसम्बन्धी प्रादेशिक अनुसन्धान परियोजना समिति

**प्रदेश नं. १**


संयोजक
प्राज्ञ परिषद् सदस्य
**श्री माधव प्रधान**


सदस्य
प्राज्ञ सभा सदस्य
**श्री अशोक राई**


सदस्य
प्राज्ञ सभा सदस्य
**श्री सानु पहाडी**

**प्रदेश नं. २**


संयोजक
प्राज्ञ परिषद् सदस्य
**श्री रमेशरञ्जन झा**


सदस्य
प्राज्ञ सभा सदस्य
**श्री बृजकिशोर सहनी**


सदस्य
प्राज्ञ सभा सदस्य
**श्री आशाकाजी श्रेष्ठ**

**प्रदेश नं. ३**


संयोजक
प्राज्ञ परिषद् सदस्य
**श्री पुस्करबहादुर गुरूङ**


सदस्य
प्राज्ञ सभा सदस्य
**श्री कृष्णभक्त महर्जन**


सदस्य
प्राज्ञ सभा सदस्य
**श्री नारायणदेवी प्रधान**

**प्रदेश नं. ४**


संयोजक
उपकुलपति
**श्री शम्भुजीत बासकोटा**


सदस्य
प्राज्ञ सभा सदस्य
**श्री प्रकाश घिमिरे**


सदस्य
प्राज्ञ सभा सदस्य
**श्री कृष्णसुधा ढुङ्गाना**

**प्रदेश नं. ५**


संयोजक
प्राज्ञ परिषद् सदस्य
**श्री उन्नति बोहरा 'शीला'**


सदस्य
प्राज्ञ सभा सदस्य
**श्री पूर्ण नेपाली**


सदस्य
प्राज्ञ सभा सदस्य
**श्री दुर्गा रायमाझी**

**प्रदेश नं. ६**


संयोजक
प्राज्ञ परिषद् सदस्य
**श्री पवित्रा घर्तीमगर**


सदस्य
प्राज्ञ सभा सदस्य
**श्री खेम नेपाली**


सदस्य
प्राज्ञ सभा सदस्य
**श्री राम धामी**

**प्रदेश नं. ७**


संयोजक
प्राज्ञ परिषद् सदस्य
**श्री उदय श्रेष्ठ**


सदस्य
प्राज्ञ सभा सदस्य
**श्री नरेन्द्रराज रेग्मी**


सदस्य
प्राज्ञ सभा सदस्य
**श्री भोजराज भट्ट**


**प्राज्ञिक संसार** २०७३ साउन/पुस
सङ्गीत-नाट्य बुलेटिन
Academia Music-Drama Bulletin

**प्रकाशक**
नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठान,
भाटभटेनी, बालुवाटार, काठमाडौं
पोष्ट बक्स नं - ११७३०
फोन नं. : ४४२८४०४/४४२८४०५,
फ्याक्स नं. : ४४२८४०७
Email : info@namuda.org.np
website : www.namuda.org.np

**प्रधान सम्पादक** :
गणेश रसिक
**कार्यकारी सम्पादक** :
डब्बु क्षत्री
**तस्बिर** :
नरेन्द्र खड्का
**साजसज्जा** :
विश्व सापकोटा
(विलक्षण क्रियसन)



**सल्लाहकार**
सरूभक्त
शम्भूजीत बासकोटा

**सम्पादक मण्डल**
उदय श्रेष्ठ
उन्नति बोहरा 'शीला'
पवित्रा घर्तीमगर
पुष्करबहादुर गुरूङ
माधव प्रधान
रमेशरञ्जन झा